# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## क्रान्तिकारी माओवादीले २२औं साँस्कृतिक प्रतिरोध दिवस मनाउने




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले इच्छुक साँस्कृतिक प्रतिष्ठानमा २२ औं साँस्कृतिक प्रतिरोध दिवस मनाउने भएको बाँकी ६ पेजमा


वर्ष ४ अङ्क ३२ पूर्णाङ्क १७७ २०७६ चैत ३ गते सोमबार Monday, 16 Mar, 2020 पृष्ठ ८ मूल्य रु. १०।-


# कोरोना भाइरसका कारण अस्तव्यस्त बन्दै नेपाली जनजीवन

## ❑ गैरजिम्मेवार सरकार ❑ कालोबजारीको मारमा उपभोक्ता ❑ अर्थतन्त्रमा गम्भीर समस्या



काठमाडौं । विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसका कारण नेपाली जनजीवन अस्तव्यस्त बन्दै गएको छ । विश्वका १५२ वटा देशमा फैलिएको छ भने ४६ देशका ५ हजार ८ सय ३९ जनाको ज्यान लिइसकेको छ । यसको भाइरसबाट संक्रमितको संख्या दिनदिनै बढिरहेको छ । हालसम्म १ लाख ५६ हजार मानिसहरुमा कोरोना भाइरसको संक्रमण देखिएको छ । अमेरिका लगायत विश्वका धेरै मुलुकहरुले संकलकाल घोषणा गरेका छन् भने अन्य मुलुकसँग आवातजावत समेत बन्द गरेका छन् । दक्षिण एशियामा पनि यसको प्रभाव दिनदिनै बढेर गएको छ । दक्षिण एशियाली मुलुकहरुको संगठन सार्कमा आवद्ध राष्ट्रले यसै विषयमा साझा रणनीति तयार गर्न भन्दै आइतबार साँझ अनलाइन भिडियो कन्फ्रेन्स समेत गरेका छन् । यता नेपालले भने १ जनामा संक्रमण देखिए पनि उपचारबाट निको भएको दावी गर्दै आएको छ । नेपाल सरकारसँग देशभरि गरेर कति मानिस संक्रमित छन् भन्ने एकिन तथ्यांक छैन । चिकित्सकहरुका अनुसार कोरोना भाइरसको परीक्षण गर्ने सबै अस्पतालहरुमा साधन नै छैन र संक्रमितहरुको संख्या बढेमा त्यसलाई धान्न सक्ने पूर्वाधार तथा तयारी छैन । सम्बन्धित क्षेत्रका विशेषज्ञहरुले सरकारले गर्ने भन्दा पनि बोल्ने काम मात्रै गरिरहेको आरोप लगाएका छन् । कोरोनाको जोखिमबाट बच्न सरकारले अहिले देशभर के गरिरहेको छ भन्ने आधिकारिक सूचना सरकारी स्रोतबाट आएको छैन ।

अहिलेसम्म ४ सय ६४ जनाको परीक्षण गर्दा सवैको रिपोर्ट नेगेटिभ आएको दावी नेपाल सरकारले गर्दै आएको छ ।

***गैरजिम्मेवार सरकार***

उपप्रधानमन्त्री ईश्वर पोखरेलको नेतृत्वमा ८ जना मन्त्रीहरु सम्मिलित उच्चस्तरीय समिति गठन भएता पनि विभिन्न मन्त्रालयबाट भइरहेका कामहरुबारे जानकारी दिने आधिकारिक सूचना प्रणाली सरकारले विकास गरेको छैन । कोरोनाबारे भएका निर्णयहरु कुनै पनि मन्त्रालयले जनतामा प्रवाह गर्न सकिरहेका छैनन् । एकले अर्कोलाई पन्छाउने र सूचना नदिने क्रम बढेको छ । नेता र मन्त्रीहरुको डरले कर्मचारीहरु पनि सूचना दिन डराइरहेका छन् ।

स्वास्थ्य मन्त्रीले हालै जनतालाई सेल्फ आइसोलेसन र क्वारेन्टाइनमा बस्न भनेका छन् । स्वास्थ्य मन्त्रीको यो भनाइलाई गैरजिम्मेवारपूर्ण अभिव्यक्ति भन्दै सार्वजनिक रुपमा चर्को विरोध भइरहेको छ । सरकारले सम्भावित जोखिमलाई जति उच्च सतर्कताका साथै पूर्व तयारी गर्नुपर्ने हो त्यो गरेको देखिएको छैन । विश्व स्वास्थ्य संगठनले नै उच्च जोखिममा राखेको नेपाललाई संकटकाल घोषणा गरी पर्याप्त पूर्व तयारी गर्नमा ढिलाइ गरिरहेको छ ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक महेन्द्र प्रसाद श्रेष्ठका अनुसार सीमित रुपमा ल्यावको बाँकी ५ पेजमा

## अखिल (क्रान्तिकारी)का अध्यक्ष गजुरेल र उपाध्यक्ष न्यौपाने धरौटीमा रिहा


तस्बिर : अमिट योञ्जन

काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल र उपाध्यक्ष शिलु बाँकी ६ पेजमा

## सुकुम्बासीहरु आन्दोलित



● धनमाया निरौला अनु

काठमाडौं। विश्वव्यापी रुपमा महामारीको रुप लिएको र नेपालमा पनि संभावित संक्रमणको बाँकी ६ पेजमा

## क्रान्तिकारी ट्रेड युनियन महासंघले दुई महिने श्रमिक जागरण तथा संगठन विस्तार अभियान सञ्चालन गर्ने



ललितपुर । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघले मई दिवसलाई लक्षित गरि दुईमहिने अभियान सञ्चालन गर्ने भएको छ । महासंघको सम्पन्न केन्द्रीय सचिवालयको विस्तारित बैठकले यस्तो निर्णय गरेको हो । महासंघका अध्यक्ष ईश्वर तिमिल्सिनाको बाँकी ७ पेजमा

## प्रचण्डको ठाडो आदेशमा कालापानीबाट भारतीय सेना हटाउने संकल्प प्रस्ताव कार्यसूचिबाट हटाइएको खुलासा

काठमाडौं । सत्तारुढ दल डबल नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको ठाडो आदेशमा बिहीबारको प्रतिनिधिसभा बैठकमा छलफल हुने गरी कार्य सूचीमा चढिसकेको कालापानी क्षेत्रबाट भारतीय सेना हटाउने संकल्प प्रस्ताव अन्तिम सयममा कार्यसूचीबाट हटाइएको खुलासा भएको छ ।

प्रचण्डले सभामुख अग्नि सापकोटालाई फोनमार्फत् सो प्रस्तावलाई संसदमा छलफल नगराउन ठाडो आदेश दिएका थिए । उच्च स्रोतका अनुसार अध्यक्ष प्रचण्डले भारत सरकारको आग्रहमा लागि सो प्रस्ताव छलफल नगराउन आदेश दिएको बुझिइएको छ ।

सत्तारुढ दल नेकपाकै सांसद खगराज अधिकारीले ४ महिना अगाडि दर्ता गराएको सो प्रस्ताव प्रचण्डकै आदेशमा 'ढिसमिस' हुन पुगेको बताइएको छ ।

नेपालका लागि नवनियुक्त भारतीय राजदूत विनयमोहन क्वात्राले प्रचण्डसँगको भेटमा सो प्रस्तावमाथिको छलफल रोकिदिन आग्रह गरेको स्रोतको दाबी छ । क्वात्राको सो आग्रहपछि उनकै सामुन्ने प्रचण्डले सभामुख सापकोटालाई फोन गरेर सो प्रस्तावमाथि छलफल नगराउन ठाडो ओदश दिएको स्रोतले जनाएको छ ।



ओली समूहले भने भारतलाई रिझाउन सो प्रस्ताव छलफल नै नगराउने षडयन्त्रमा प्रचण्ड लागेको आरोप लगाएको छ

## भारतीय हस्तक्षेपका विरुद्ध नेपाली जनताको प्रतिरोध, नेपाली भूमि मिचेर बनाइएको सीमा स्तम्भ तोडफोड



कञ्चनपुर । कञ्चनपुरका स्वाभिमानी नेपाली जनताले भारतले गरेको सीमा अतिक्रमणका विरुद्ध सशक्त प्रतिरोध गरेका छन् । नेपाली भूमिमा पटक पटक अतिक्रमण गरेको भन्दै कञ्चनपुरका नेपाली जनताले भारतले बनाएको सीमा स्तम्भ तोडफोड गरिदिएका छन् ।

जिल्लाको बेलडाँडी गाउँपालिका-३ बैवाहमा भारतले निर्माण गरेको ७८३/४ नम्बरको नेपाल-भारत सीमा स्तम्भ स्थानीयले शनिबार भत्काइदिएका हुन् ।

केही दिनअगाडि नेपाल-भारत संयुक्त सर्भे टोलीले निर्माण गरेको सीमा-स्तम्भ स्थानीय नेपालीले हतौडा र ढुंगाले हानेर फुटाएका हुन् ।

भारतले नेपाली भूमि हडप्न आफूहरूको लालपुर्जावाला जमिनमा सीमा-स्तम्भ खडा गरेकाले तोडफोड गरिएको स्थानीयबासीले बताए ।

लालपुर्जा भएको जमिनमा भारतले एकपक्षीय रूपमा सीमा-स्तम्भ बनाएर नेपाली भूमि अतिक्रमण गर्न खोजेको भन्दै स्थानीय नेपालीले विरोध गरेपछि सर्भे रोकिएको छ ।

६ दशकदेखि बसोबासरत स्थानीय बाँकी ७ पेजमा

## कम्युनिस्ट पार्टीबारे माओका तीन महत्वपूर्ण अवधारणाहरु

***मार्क्सवादमा माओको अर्को विकास भनेको उहाँले विकास गरेको मास लाइन हो । पार्टीको मार्क्सवाद लेनिनवाद सम्वन्धी आधारभूत बुझाइबाट सुरू गर्दै जनसमूहसंग सम्भावित धेरै नजिकको सम्वन्ध कायम राख्दै, माओले एउटा गुणात्मक नयाँ स्तरलाई मास लाइनको अवधारणामा विकास गरेको पाइन्छ***



● हुकुमबहादुर सिंह ●

माओ चीनीयाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा आएदेखि उहाँले पार्टीलाई साँचो अर्थमा लेनिनवादी लाइनमा विकास गर्न सबै प्रकारका प्रयासहरू गर्नु भयो । पहिलेका गलत लाइनहरू, खासगरी वाङ्मिङ्को तेस्रो 'वाम' प्रभावले गर्दा पार्टीको काम गराइमा घेरै प्रकारका भड्कावहरू जन्मीएका थिए । एकपक्षीय( sectarian) बुझाइले गर्दा जनवादी केन्द्रीकृत कार्यसञ्चालनका कुनै पनि सही नर्मसहरू थिएनन् र दुई लाइन सङ्घर्ष पद्धति पुर्णरूपले गलत थियो । पार्टी क्याडरहरूको सम्लग्नता र तिनीहरूसितको सरसल्लाह, छलफलविना र प्लेनमहरू र अन्य वैठकहरूको आयोजनालाई छलयोजना(मेनीपुलेटिंग)द्वारा निर्णयहरू लिइएका थिए । दुई लाइन सङ्घर्षलाई खुलारूपले सञ्चालन गरिएका थिएनन् र पार्टीभित्र दृष्टिकोणको अर्को विचार राख्नेहरूका प्रतिनिधिहरूलाई हत्तोत्साहित गरिएका थिए र दण्डीत गरिएका थिए । कठमुल्लावादका कारणले गर्दा पनि मासलाइनको कार्यान्वयन थिएन । माओले यी सबै भडकावहरू सुधार्नका साथै उपयुक्त फोरमहरू र अंगहरूको निर्माण गर्न आवश्यक सबै प्रकारका प्रयासहरु गनु भयो । यो प्रक्रियामा माओले घेरै संगठनात्मक अवधारणाहरूलाई स्पष्ट पार्ने काम र बाँकी ७ पेजमा

## सम्पादकीय

# डबल नेकपाको 'राष्ट्रिय आत्मसमर्पणवादी दलाल चरित्र'

श्रमजीवी जनताका वर्गीय मुद्दाहरुलाई पहिल्यै त्यागीसकेको सत्तारुढ डबल नेकपाले राष्ट्रिय स्वाधीनताका मुद्दाहरुमा पनि विदेशी शक्तिहरुसँग आत्मसमर्पण गरेको छ। दुई तिहाई हैसियतको सरकारको नेतृत्व गरेको केपी ओली नेतृत्वको सरकारले नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि गम्भीर रुपमा आँच आउने खालका विषयमा विदेशी शक्ति( विस्तारवादी मुलुक भारत र साम्राज्यवादी मुलुक अमेरिका)हरुसँग सम्झौता गरेको व्यवहारतः पुष्टि हुँदै गएको छ। लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतको भूमि भारतले आफ्नो नक्सामा गाभेको विषय होस् वा दिनदिनै भारतले अन्य स्थानमा गरेको सीमा अतिक्रमणको विषय होस्, ओली नेतृत्वको सरकारले ती अतिक्रमित भूमि फिर्ता गराउने विषयमा कुनै ठोस पहल गरेको छैन। यहाँसम्म कि केही दिनअघि संसदमा संकल्प प्रस्ताव पेश गर्ने भनि कार्यसूचिमा चढाइसकिएको उक्त विषय पनि डबल नेकपाका नेताहरुको दबाबमा कार्यसूचिबाटै हटाइएको छ। उच्च स्रोतका अनुसार भारतीय राजदूतको आग्रहमा उक्त संकल्प प्रस्ताव संसदको कार्यसूचिबाट हटाइएको हो। अर्कोतिर ओली सरकारले राष्ट्रको सार्वभौमिकतामाथि नै गम्भीर आँच आउने राष्ट्रघाती एमसीसी सम्झौता भने संसदबाट पास गर्ने पुरै तयारी र कोशिस गरिरहेको छ। यी घटनाक्रमबाट स्पष्ट हुन्छ कि केपी शर्मा ओली र पुष्पकमल दाहाल अध्यक्ष रहेको डबल नेकपा वर्गीय आत्मसमर्पणवादी मात्र होइन, राष्ट्रिय आत्मसमर्पणवादी पार्टीको रुपमा स्खलित हुन पुगेको छ।

यतिखेर डबल नेकपाभित्र अमेरिकी (साम्राज्यवादी)परस्त र भारत(विस्तारवादी)परस्तको रहेको भन्दै एकअर्कालाई हिलो छ्यापाछ्याप गरिरहेका छन्। पूर्व एमालेहरुले पूर्व माओवादीहरुलाई भारतपरस्तको आरोप लगाउने गरेका छन् भने पूर्व माओवादीहरुले एमालेहरुलाई अमेरिका परस्त भनेर आरोप लगाउने गरेका छन्। तर यथार्थमा दुवैथरि भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको दलाली गरेर पार्टीभित्र आ-आफ्नो गुटलाई बलियो बनाएर सत्ता स्वार्थलाई पुरा गर्ने दाउमा दौडधूप गरिरहेका छन्। उनीहरु व्यक्तिगत, गुटगत, दलगत र सत्ता स्वार्थका लागि राष्ट्रै पनि बेचिखाने प्रतिस्पर्धामा देखिएका छन्।

नागरिक स्तर (सीमा बचाउँ अभियानलगायत)मा तथा राजनीतिक दल(क्रान्तिकारी माओवादीलगायत)हरुले देशव्यापी रुपमा दबाब खडा गर्दै लिम्पियाधुरा, लिपुलेक, कालापानीसहितको राजनीतिक नक्सा जारी गर्न आव्हान गर्दा पनि ओली सरकारले नेपालको वास्तविक नक्सा जारी गर्न सकेको छैन। अहिले पनि भारतले बनाएर पठाइदिएको नक्कली (लिम्पियाधुरा, लिपुलेक, कालापानी गायब पारिएको) नक्सा सरकारी कार्यालयहरुमा झुण्डिरहेको छ। यहाँसम्म कि संविधानको गाता र निशान छापमा समेत सरकारले त्यही नक्कली नक्साको प्रयोग गरिरहेको छ। चौतर्फी रुपमा चर्को विरोध र दबाब हुँदा र दिंदा पनि सरकारले किन नेपालको वास्तविक नक्सा जारी गर्दैन वा गर्न सक्दैन ? यो गम्भीर प्रश्न अहिले सर्वत्र उठिरहेको छ। पछिल्लो पटक कालापानीबाट भारतीय सेना हटाउने विषयको संकल्प प्रस्ताव नै संसदको कार्यसूचिबाट हटाइनुले नेपाल र भारतको संयुक्त सीमा सर्वेक्षणको नाममा नेपालको १० हजार ५२ वर्ग किमी भूमि नेपालका शासकहरुले योजनाबद्ध रुपमा भारतलाई बेची खाएका त होइनन् ? यो निकै गम्भीर प्रश्न अहिले सत्तारुढ डबल नेकपातिर तेर्सिएको छ। उपनिर्वाचनताका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले पटक पटक लिम्पियाधुरा, लिपुलेक, कालापानी लगायतका नेपाली भूमि प्रम ओलीकै सहमतिमा भारतले आफ्नो नक्सामा गाभेको हो भनी सार्वजनिक मञ्चमा बोलेका थिए। राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको यति गम्भिर र संवेदनशील विषयमा पनि ओली सरकारले यति लामो समयसम्म मौनता साँध्नु र कुनै ठोस पहलकदमी (राजनीतिक तथा कुटनीतिक रुपमा) नगर्नुले सत्तारुढ डबल नेकपाको 'राष्ट्रि आत्मसमर्पणवादी दलाल चरित्र' उदांगो हुन पुगेको छ।

वर्ग(जन)घात र राष्ट्रघातको यो चरित्रले डबल नेकपा र ओली सरकारले कम्युनिस्ट शब्दलाई नै बद्नाम गरेको र कम्युनिस्टको नाममा 'कलंक' साबित भएको क्रान्तिकारी माओवादी लगायतले भन्दै आएको कुरालाई उल्लेखित घटनाक्रमले पुष्टि गरेको छ। डबल नेकपाभित्र भएका राष्ट्रवादीहरुले पार्टी नेतृत्वको यही चरित्र बुझेर सार्वजनिक विरोधमा उत्रिएपनि उनीहरुले त्यो पार्टीसँग सम्बन्धविच्छेद् भने गर्न सकिरहेका छैनन्। कम्युनिस्टहरु वास्तविक अर्थमा सामन्तवाद र साम्राज्यवादविरोधी हुन्छन् र सामन्तवादी र साम्राज्यवादी शक्तिहरुसँग निर्णायक लडाइँ लडेर मात्र जनताको वास्तविक सत्ताको स्थापना गर्छन् भन्ने सैद्धान्तिक मान्यतालाई डबल नेकपाले धुलिसात पारिदिएका छन्। यो प्रवृत्तिका विरुद्ध वास्तविक कम्युनिस्टहरु एकजुट भएर लड्न जरुरी छ। सत्तारुढ डबल नेकपाभित्र भएका सच्चा कम्युनिस्टहरु र सडकको नेतृत्व गरिरहेका नेकपा (क्रान्तिकारी माओवादी) लगायत छरिएर रहेका सबै कम्युनिस्ट क्रान्तिकारीहरु र देशभक्त नेपालीहरु एकताबद्ध भएर राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अझ सशक्त रुपमा अगाडि बढाउन जरुरी छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निषक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# क्रान्तिभित्र क्रान्तिबारे



● कृष्णदास श्रेष्ठ ●

*पार्टी र क्रान्तिकारीहरूले ध्यान दिनुपर्ने एउटा तथ्य के छ भने पार्टीमात्र बलियो र सक्षम हुँदैमा अनि नेतृत्वमात्र बलियो हुँदैमा क्रान्ति पूर्ण रूपले सफल हुन सक्दैन र मुलुकको क्रान्तिकारी रूपान्तरण सिद्ध हुन सक्दैन। त्यसको लागि पार्टीलाई बलिया जनताको समर्थन र टेवा पनि आवश्यक हुन्छ। त्यसैले हामी क्रान्तिको निम्ति क्रान्तिका पक्षधर शक्तिहरूलाई शिक्षित पार्ने, तिनीहरूको लडाकू क्षमतालाई बढाउने तिनीहरूलाई सचेत पार्ने कार्य थाल्नु पर्छ*

कुनैपनि क्रान्तिका आफ्ना वस्तुगत र मनोगत पक्षहरू हुन्छन् र त्यसमा दुवैका भूमिका त्यतिकै महत्वका हुन्छन्। ऐतिहासिक विकासको क्रममा उत्पन्न हुने क्रान्तिको आवश्यकताको सम्बन्ध समाजका वर्गहरूसित सम्बन्धित आम जनतासँग रहेको हुन्छ, किनभने वस्तुगत आवश्यकताको व्यावहारिक सिद्धीकरण मानिसहरूको क्रियाकलापमार्फत मात्र हुनसक्छ। मानिसहरूको क्रियाकलापको अभावमा सो आवश्यकता निराकार र अमूर्त चीज मात्र रहन्छ।

क्रान्तिभित्र क्रान्तिको सवाल क्रान्तिको ऐतिहासिक आवश्यकतालाई यथार्थमा फेर्न त्यसको व्यावहारिक सिद्धीकरणका लागि गर्नुपर्ने तयारीसित सम्बन्धित सवाल हो, अर्थात् यो आत्मगत तत्वहरूसित सम्बन्धित सवाल हो। क्रान्तिको लागि आवश्यक वस्तुगत अवस्थाहरूको विकास वस्तुगत नियमहरूअनुसार हुन्छ, र त्यो मानिसको इच्छाबाट स्वतन्त्र रहन्छ। क्रान्तिको लागि वस्तुगत परिस्थिति परिपक्व भएपनि त्यसले स्वयं आफैलाई क्रान्तिकारी ऐतिहासिक घटनामा फेर्न सक्दैन। त्यसरी फेर्नका लागि आवश्यक आत्मगत तत्वहरूको उपस्थिति आवश्यक रहन्छ। क्रान्तिको विकास र सफलताका जराहरू उक्त क्षेत्रभित्र रहेका हुन्छन् र त्यसको समुचित उपयोगमा नै यथार्थमा क्रान्तिको प्राप्ति निर्भर गर्दछ।

यस लेखमा म क्रान्तिभित्र क्रान्तिको सवाललाई वर्तमान समयमा नेपाली क्रान्तिको सन्दर्भमा चर्चा गर्दैछु। अहिले नेपाली क्रान्ति जनवादी चरणमा रहेको छ, जसका मुख्य तात्कालिक अभिभाराहरू सामन्ती अवशेषहरूको उन्मूलन, राष्ट्रिय स्वाधीनताको संरक्षण र मुलुकको जनवादीकरण हुन् र सोहीअनुसार त्यसको चरित्र सामन्तवादविरोधी, विस्तारवादविरोधी र साम्राज्यवादविरोधी रहेको छ। यो नौलो जनवादी क्रान्तिको सारतत्व हो। अहिले देशमा मुख्य रुपमा यसको वकालत गर्ने पार्टी नेकपा-माओवादी रहेको छ। क्रान्तिका लागि मानवीय तत्वहरूको सङ्गठन र सञ्चालनको सम्बन्धमा त्यसका क्रियाकलापको प्रकाशमा उक्त सवालबारे चर्चा गरिने छ। यो चर्चा मुख्य रुपमा सर्वसाधारण जनता, पार्टीकार्यकर्ताहरू र नेतृत्वसित सम्बन्धित रहन्छ।

कुनैपनि महान् क्रान्तिमा एउटा प्रमुख तत्व आम जनता हुन्। ती त्यस्ता शक्ति हुन्, जसको ताकतमा मात्र क्रान्तिको सफलता र अन्तिम विजय हासिल गर्न सकिन्छ। जनता नै त्यस्ता जब्बर शक्ति हुन्, जसका आधारमा क्रान्तिको विजयको महल निर्माण गर्न सकिन्छ। एक सच्चा क्रान्तिकारी पार्टीको लागि क्रान्तिको अभिभारा पूरा गर्ने आम जनतासित घनिष्ठ सम्बन्ध स्थापित गर्नु जरुरी हुन्छ। अर्को शब्दमा पार्टीले आफूलाई जन-पार्टीमा विकसित गर्नुपर्छ। पार्टीले राखेको उद्देश्य व्यापक जनसमुदायहरूसितको एकता र मेलबाट मात्र हासिल गर्न सकिन्छ।

समाजको क्रान्तिकारी रुपान्तरणको पक्षमा र मुलुकलाई फेर्ने प्रश्नमा आम जनताले आफ्नो भूमिका राम्ररी खेलून् र खेल्न सकून् भन्नका लागि तिनीहरूको मन-मस्तिष्कमा क्रान्तिकारी रुपान्तरणको आवश्यकता पर्दछ। श्रमिक जनताको मुक्ति र नयाँ नेपाल निर्माणको महान् कार्यको थालनी तिनीहरूको मानसिक र वैचारिक रुपान्तरणबाट हुनसक्ने तथ्य ध्यानयोग्य छ, र यही रुपान्तरणबाट हामीले चाहेका क्रान्तिकारी परिवर्तनहरू हासिल गर्न सकिन्छ। क्रान्तिभित्र क्रान्तिको एउटा मुख्य अभिभारा यही हो, अर्थात् क्रान्तिको एउटा प्रमुख तत्वलाई क्रान्तिकारी सोच र भावनाले सुसज्जित पारी त्यसलाई आफ्नो भूमिका पूरा गर्न योग्य बनाउनु। यदि हामी क्रान्तिमा सफलता चाहन्छौं भने हामीले गर्नुपर्ने एउटा महत्वपूर्ण काम यही हो। किनभने, क्रान्तिको भविष्यको लागि वैचारिक रुपान्तरण एउटा सर्वोत्तम तयारी हो।

जनमानसमा परिवर्तन ल्याउनु भनेको कुनै सजिलो काम होइन। क्रान्तिको प्रमुख शक्ति रहेका व्यापक किसान जनतामा सामन्ती विचारधाराको निकै ठूलो प्रभाव कायमै छ। मुलुकमा भएका सामन्तवादविरोधी, विस्तारवादविरोधी र साम्राज्यवादविरोधी सङ्घर्षमा तिनीहरूको महत्वपूर्ण भूमिका रहिआएको र मुलुकमा लामो समयदेखि सामन्तवादको राजनीतिक प्रतिनिधि संस्था राजतन्त्रको अन्त्य भएको भएपनि मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक जीवनमा सामन्ती अवशेषहरू विद्यमान छन् र तिनको जनतामा बलियो प्रभाव कायम नै छ। हाल यता आएर देश-विदेशका प्रतिक्रियावादी क्रान्तिविरोधी शक्तिहरूको तर्फबाट आम जनताको बीचमा अनुदारवादी तथा यथास्थितिवादी विचारहरूको व्यापक प्रचार भइरहेको छ। अर्कोतिर मुलुकमा उदारपन्थी शक्तिहरू र कम्युनिस्ट आन्दोलनभित्रका अवसरवादी र संशोधनवादीहरू जनतामा उदारवादी, सुधारवादी तथा मेलमिलापवादी र आत्मसमर्पणवादी विचारहरू प्रचार गरी तिनलाई क्रान्तिको बाटोमा लाग्न नदिनका लागि निकै प्रयत्नशील छन्।

उपरोक्त यथार्थताको सन्दर्भमा, जनमानसको क्रान्तिकारी रुपान्तरण गर्ने काम निश्चय पनि सजिलो छैन। मुलुकको वर्तमान स्थितिमा क्रान्तिका शक्तिहरूलाई मजदुर, किसान, निम्न पुँजीपति र राष्ट्रिय पुँजीपतिहरूलाई क्रान्तिविरोधी विचारहरूको प्रभावबाट मुक्त गर्न अर्थात् जनताको मन-मस्तिस्कलाई मुक्त पार्न ठूलो सङ्घर्षको आवश्यकता रहन्छ। यसको लागि पार्टीको तर्फबाट पुँजीवादी उदारवाद तथा सुधारवादका विरुद्ध, संशोधनवाद तथा अवसरवादका विरुद्ध र यथास्थितिवाद तथा आत्मसमर्पणवादका विरुद्ध वैचारिक आधारमा दृढ सङ्घर्ष चलाउनु एउटा अपरिहार्य आवश्यकता हो। त्यसका साथै आम जनसमुदायको बीचमा क्रान्तिकारी तथा वैज्ञानिक विचारहरूको व्यापक रुपमा प्रचार गर्नु पनि जरुरी छ, जुन कामप्रति क्रान्तिका पक्षधरहरूको आवश्यक ध्यान र प्रयत्न पुगेको पाइँदैन।

यससम्बन्धमा पार्टी र क्रान्तिकारीहरूले ध्यान दिनुपर्ने एउटा तथ्य के छ भने पार्टीमात्र बलियो र सक्षम हुँदैमा अनि नेतृत्वमात्र बलियो हुँदैमा क्रान्ति पूर्ण रुपले सफल हुन सक्दैन र मुलुकको क्रान्तिकारी रुपान्तरण सिद्ध हुन सक्दैन। त्यसको लागि पार्टीलाई बलिया जनताको समर्थन र टेवा पनि आवश्यक हुन्छ। त्यसैले हामी क्रान्तिको निम्ति क्रान्तिका पक्षधर शक्तिहरूलाई शिक्षित पार्ने, तिनीहरूको लडाकू क्षमतालाई बढाउने तिनीहरूलाई सचेत पार्ने कार्य थाल्नु पर्छ। आम जनतालाई बलियो बनाउनु भनेको के हो त ? त्यसमा निम्न कुराहरू पर्दछन्। तिनीहरूको चेतना, लडाकूपना, सङ्कल्प र तत्परता, अनि क्रान्तिकारी कार्यबाही गर्ने तिनीहरूको क्षमता, क्रान्तिकारी जोश तथा उत्साह र त्याग-बलिदानको भावना आदि। यदि क्रान्तिलाई सफल निष्कर्षसम्म पुराउने हो भने त्यस्ता बलिया जनता आफ्नो नेतृत्वमा हुनु पर्दछ। क्रान्तिमा नेतृत्व गर्न चाहने र नेतृत्वको दावा गर्ने पार्टीले उपरोक्त तथ्यप्रति गम्भीर ध्यान दिनुपर्दछ र त्यसमा आफ्नो अभिभारालाई बुझेर त्यसलाई सम्बोधित गर्नुपर्छ। त्यसका सम्बन्धमा गर्नुपर्ने केही कामहरू निम्न प्रकारका छन् - जनतालाई क्रान्तिकारी विचार र भावनाबाट शिक्षित र अभिप्रेरित गर्नु उनीहरूको राजनीतिक चेतनाको स्तरलाई माथि उठाउनु, तिनीहरूलाई तिनको अन्तर्निहित तागतको पहिचान गराउनु, तिनीहरूलाई सङ्गठित र एकताबद्ध हुनमा सघाउनु, तिनीहरूको सङ्घर्षलाई नेतृत्व प्रदान गर्नु आदि।

सामाजिक रुपान्तरणको कार्यमा आम जनसमुदायहरूको भूमिकाको सम्बन्धमा एङ्गेल्सले यस्तो राय व्यक्त गरेका छन् - "आकस्मिक हमलाहरूको जमाना, अचेतन जनसमुदायहरूको नेतृत्व गरी साना सचेत अल्पसङ्ख्यकद्वारा सञ्चालित क्रान्तिहरूको जमाना गइसकेको छ। जहाँ सामाजिक सङ्गठनको पूर्ण रुपान्तरणको सवाल छ, जनसमुदायहरू अझै पनि त्यसमा हुनुपर्छ, तिनीहरू आफैले कुन कुरो दाउमा परेको छ, कुन कुराको लागि तिनीहरू दिलो ज्यानले लागिरहेका छन् भन्ने कुरालाई मनन गरेको हुनुपर्छ। तर, जनसाधारणले गर्नुपर्ने कामलाई बुझ्न सकून् भन्नाका खातिर लामो र दृढ कार्य हुनु आवश्यक छ।" (मार्क्स-एङ्गेल्स, "छानिएका कृतिहरू" तीन भागमा भाग १, पृष्ठ १९९)

आम जनताको वास्तविक तागत तिनीहरूको सचेतना र तिनीहरूबीचको जब्बर ऐक्यबद्धतामा रहेको हुन्छ र त्यसले तिनीहरूको लडाकू क्षमता र आत्मत्यागी भावनामा आफूलाई अभिव्यक्त गर्छ। प्रत्येक महान् सामाजिक क्रान्तिले आफ्नो सफल निष्कर्षको निम्ति आफूमा सहभागीहरूको तर्फबाट ठूलो त्याग र बलिदानको अपेक्षा गर्छ। त्यस हिसाबले वास्तविक जनमुक्ति आन्दोलनले आम जनताबाट सामूहिक हितको लागि निजको निजी सङ्कीर्ण स्वार्थको त्याग गरेर लड्ने उदात्त भावना र क्षमताको पूर्वानुमान गर्छ, किनभने आत्म-त्याग र आत्म-बलिदान नै त्यस्तो महान् सङ्घर्षको गुण हो। यस तथ्यलाई लेनिनले निम्न शब्दमा प्रस्तुत गरेका छन् - "प्रत्येक क्रान्तिकारी परिस्थितिले क्रान्ति पैदा गरेको हुँदैन। क्रान्ति त्यस्तो परिस्थितिबाट मात्र उत्पन्न हुन्छ, जुन परिस्थितिमा माथि उल्लेखित वस्तुगत परिवर्तनहरूका साथै आत्मगत परिवर्तन पनि भएको हुन्छ, अर्थात् पुरानो शासनलाई चकनाचुर (वा विस्थापित) गर्नसक्ने खालको 'क्रान्तिकारी' आम कार्यबाही गर्ने क्रान्तिकारी वर्गको क्षमता पनि हुनुपर्छ, किनभने यदि उक्त शासनको तख्ता पल्टाइएन भने कहिलेपनि सङ्कटको अवधिमा समेत त्यसको 'पतन' हुँदैन।" (कृष्णदास, "ऐतिहासिक भौतिकवाद" पृष्ठ १६७ बाट उद्धृत)

क्रान्तिभित्र क्रान्तिको अवधारणामा रहेको अर्को प्रमुख तत्व पार्टीका कार्यकर्ताहरूबाट पार्टीका आफ्ना शक्तिहरूको सङ्गठनलाई उपयोग तथा परिचालनसित सम्बन्धित छ। पार्टीद्वारा निर्धारित राजनैतिक कार्यदिशा तथा नीतिहरू उपयोग तथा परिचालनसित सम्बन्धित हुन्छन्। पार्टीसँग सम्बन्धित राजनीतिक कार्यदिशा तथा नीतिहरू जतिसुकै सही र क्रान्तिकारी भएपनि, ती आफै कार्यान्वयन हुने होइनन्। तिनको व्यवहारमा सिद्धीकरणको सवाल पार्टीका आफ्ना शक्तिहरूको सवाल हो। यथार्थमा त्यसको सिद्धीकरण हुन्छ कि हुँदैन भन्ने कुरा उक्त शक्तिहरूको उपयोग, परिचालन र नेतृत्व गर्ने पार्टीको क्षमता र कुशलतामाथि निर्भर गर्दछ। "कार्यकर्ताहरूले सबै कुराको फैसला गर्छन्" भन्ने स्टालिनको भनाइले उपरोक्त तथ्यलाई व्यक्त गरेको छ।

आम जनतासित पार्टीको सम्बन्ध त्यसका कार्यकर्ताहरूमार्फत स्थापित हुन्छ र तिनीहरू पार्टी र जनताको सम्बन्धको बीचमा माध्यम हुन्। पार्टीद्वारा पारित कार्यदिशा र नीति तिनै कार्यकर्ताहरूमार्फत जनमानसमा पुराइन्छ र जनता त्यसबाट अवगत हुने गर्दछन्। यहाँ मुख्य सवाल पार्टीका नीतिहरूलाई जनमानसमा ठीक र बोधगम्य ढङ्गबाट कार्यकर्ताहरूले पुऱ्याउन सक्छन् कि सक्दैनन् भन्ने सवाल हो। यस मामिलामा कार्यकर्ता निर्णायक शक्ति हुन्। त्यसैले पार्टीले कार्यकर्ताहरूलाई क्रान्तिकारी विचारबाट शिक्षित पार्ने र पार्टीनीतिबारे सही समझदारी प्राप्त गर्ने सामर्थ्यमा वृद्धि गर्ने कुरामा जोड दिनु आवश्यक छ। सिद्धान्त र नीतिलाई नेतृत्वले मात्र बुझ्ने तर तलका कमरेडहरूलाई त्यसबाट शिक्षित पार्नमा ध्यान र प्रयत्न नलगाउनु भनेको विचार र आन्दोलनलाई प्रभावकारी र शक्तिशाली स्तरमा नउठाउनु समान हो। जनताको बीचमा काम गर्ने कार्यकर्तालाई मार्क्सवादका सिद्धान्तहरूबाट शिक्षित-दीक्षित पारेर र तिनीहरूको सैद्धान्तिक समझदारीलाई माथि उठाएर मात्र जनमानसको क्रान्तिकारी रुपान्तरण गर्न सकिन्छ। कार्यकर्ताहरूको मनमा क्रान्तिकारी परिवर्तन अर्थात् तिनीहरूको सैद्धान्तिक रुपान्तरणमार्फत् मात्र जनमानसमा क्रान्ति ल्याउन सकिन्छ।

यहाँ मुख्य रुपले ध्यानयोग्य कुरा के छ भने क्रान्ति गर्नका लागि क्रान्तिकारीहरूको सङ्गठन हुनु जरुरी छ। त्यसको अर्थ के भने पार्टीका सदस्यहरू सच्चा क्रान्तिकारी र सच्चा कम्युनिस्ट हुनुपर्दछ। तसर्थ पार्टीपङ्क्तिमा रहेका पुराना तथा नयाँ शक्तिहरूलाई सच्चा कम्युनिस्टमा अटाउनु अर्थात् मार्क्सवादी आधारमा सोच्ने, क्रान्तिप्रति समर्पित, क्रान्तिकारी भावनाले अभिप्रेरित र सिर्जनात्मक पहल गर्नसक्ने कार्यकर्तामा विकसित गर्नु पार्टीको एउटा महत्वपूर्ण कर्तब्य रहन्छ। जहाँसम्म आम जनसमुदायहरूसित पार्टीको सम्बन्धलाई बलियो र सुदृढ बनाउने कार्यको सवाल छ, सो कार्य पार्टी कार्यकर्ताहरूमार्फत मात्र सम्पन्न हुने कुरा हो। जनतासित घनिष्ठ सम्बन्ध बनाउने, तिनका भावना र आकाङ्क्षालाई बुझ्ने, तिनलाई सङ्गठित र एकताबद्ध पार्ने र तिनलाई क्रान्तिकारी सङ्घर्षमा निर्देशित र नेतृत्व गर्ने कार्यकर्ताहरूको जुन गहन जिम्मेवारी छ, त्यसलाई उनीहरूले कति ठीक, कति उचित तथा कति कुशल ढङ्गबाट पूरा गर्न सक्छन् भन्ने कुरा उनीहरूको समझ-स्तर, *बाँकी ४ पेजमा*

# काठमाडौंमा 'राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तार अभियान'



● खगेन्द्र छन्त्याल ●

*भारतीय विस्तारवादद्वारा गरिएको सिमा अतिक्रमण, लिम्पियाधुरा-लिपुलेक र कालापानी क्षेत्र माथि भएको हस्तक्षेप, अमेरिकी साम्राज्यवादले लादेको एमसीसी परियोजनाको ब्यापक भण्डाफोरका साथै नेपालको कथित कम्युनिष्ट सरकारको दलाल चरित्रको चर्को बिरोध गरिएको थियो*

**पृष्ठभूमि**

देशको राजधानी हुनुको कारण काठमाडौं सबैको केन्द्र हुनु स्वभाविक नै हो । तसर्थ यो आर्थिक रूपमा पनि केन्द्र हो, सामाजिक, राजनैतिक रूपमा पनि केन्द्र हो । प्रतिक्रियावादी र अवसरवादीहरूको पनि केन्द्र हो र क्रान्तिकारीहरूको पनि केन्द्र हो । सबैका निम्ति : कुटनैतिक हिसाबले यो विभिन्न दाउ पेचको पनि केन्द्र हो, फौजी हिसाबले सामरिक कला, कौशलता र ताकतको पनि केन्द्र हो । मुलुकको क्रान्तिकारी आन्दोलनको मुख्य 'पिल्लर' पनि काठमाडौं नै हो । प्रतिक्रान्तिकारी षड्यन्त्रको मुख्य 'मियो' पनि काठमाडौं नै हो । नेपाली मौलिकतामा आधारित सशस्त्र जनविद्रोहको कार्यदिशाको केन्द्र पनि काठमाडौं नै हो । त्यस्तै क्रान्तिकारी जनविद्रोहको बिरूद्ध गरिने प्रतिक्रान्तिकारी षड्यन्त्रको मुख्य केन्द्र पनि काठमाडौं नै हो । यसर्थमा : काठमाडौंको भूमिका र महत्व कम छैन ।

बिगतदेखि नै अन्य न्यायपूर्ण आन्दोलनहरूमा जस्तै देशभक्तिपूर्ण आन्दोलनमा पनि काठमाडौंको जिल्ला पार्टीले अग्रपंक्तिमा रहेर आफ्नो भूमिका निर्वाह गर्दै आएको कुरा जगजाहेर नै छ । सोभै शब्दमा उल्लेख गर्नुपर्दा निर्धक्कसँग के कुरा ब्यक्त गर्न सकिन्छ भने विप्लवको विचलन र बादलको पलायन पश्चात आम जनताको बिचमा र राष्ट्रिय अन्तराष्ट्रिय जगतमा संगठन र संघर्षको क्षेत्रमा पार्टीको पहिचानलाई दह्रो ढंगले स्थापित गर्ने काममा काठमाडौंको पार्टीले राम्रै भूमिका खेल्यो । मलाई लाग्छ राजधानीको पार्टी हुनुको नाताले, भौगोलिक रूपमा सबैको केन्द्रमा रहेको पार्टी हुनुको नाताले त्यो आवश्यक, जायज र स्वभाविक थियो ।

काठमाडौं पार्टीले नेतृत्व गरेको देशभक्तिपूर्ण आन्दोलनको बिगतलाई अलिकति मात्र फर्केर हेर्दा यहाँ थुप्रै कामहरू भएका देखिन्छन् । यस क्रममा कार्यक्रम सफलताको सवालमा काठमाडौं जिल्लाको विशेष भूमिका हुनेगरी पार्टी अन्तर्गत कै अन्य केहि जिल्लाहरू सहितका संयुक्त कार्यक्रमहरू पनि कैयौं पटक भैरहेकाछन् । राष्ट्रियता जनतन्त्र र जनजीविकाको सवालहरूमा अन्य पार्टीसँगको संयुक्त कार्यक्रमहरूमा पनि काठमाडौं जिल्ला पार्टीको विशेष भूमिका रहदै आएको कुरा सर्वविदित नै छ । साथै काठमाडौंमा काठमाडौं जिल्ला पार्टीको एकल आयोजनामा राष्ट्रियताको सवाललाई लिएर पटक पटक राता मार्चपास, काला मार्चपासहरू सम्पन्न भएका छन् । भारतीय नक्कली नक्साको बारेमा आज भन्दा करिव दुई बर्ष अघि नै काठमाडौं जिल्ला पार्टीले सबै नगर र महानगर कार्यालय र केन्द्रिय नापी विभाग, महानगरीय प्रहरी परिसर, जिल्ला प्रशासन कार्यालय लगायत जिल्लाका लगभग सबै सरकारी तथा गैर सरकारी संस्थाहरूमा अनुगमन गर्ने र पुरानो नक्कली नक्सा विस्थापन गर्नका निम्ति सल्लाह दिने र प्रतिबद्धता लिने, सक्कली नक्सा हस्तान्तरण गर्ने काम गरेको थियो । नक्कली नक्सा प्रकरणवारे हाम्रा कुराहरू त्यतिबेला कैयौंलाई क्याहो क्याहो लागेको थियो तर अहिले जव भारतले आफ्नो जम्मु-कास्मीर राज्यको पुनरसिमाङ्कन गरेर नया नक्सा सार्वजनिक गर्‍यो तव सबै छर्लंग भयो । 'दुध को दुध पानीको पानी' प्रष्ट देखियो । नेपालको ईतिहासमा आजसम्म कुनैपनि राजनैतिक पार्टीले त्यो ढंगको सचेत, अग्रगामी र रचनात्मक पहलकदमी लिन सकेको सायद यो नै पहिलो चोटी थियो । त्यो अर्थमा काठमाडौं जिल्ला पार्टीले गौरवको अनुभूति गर्दछ ।

त्यस्तै आज भन्दा ठिक एक बर्ष पहिले ०७५ फाल्गुन २६ गतेका दिन काठमाडौं जिल्लाका सबै नगर, महानगर प्रमुखहरू र जिल्लाका सबै राजनैतिक दल प्रमुख एवं शैक्षिक संस्थान प्रमुखहरू र विख्यात सिमाविद् बुद्धि नारायण श्रेष्ठलाई एउटै टेवुलमा राखेर पार्टी महासचिव क. किरणको प्रमुख आतित्थ्यतामा 'राष्ट्रिय स्वाधिनताको रक्षा र नेपालको वास्तविक नक्सा प्रयोगको प्रश्न' विषयक अन्तरसंवाद कार्यक्रम सम्पन्न गरियो । त्यस कार्यक्रमले जिल्लाका सबै राजनैतिक दल र जनप्रतिनिधि एवं बुद्धिजिवीहरूमा देशभक्तिपूर्ण आन्दोलनमा एकताको व्यापक आधार निर्माण गर्‍यो ।

काठमाडौंको कथा, व्यथा र अभियान

बिगत केहि बर्षदेखि हाम्रो पार्टीले केन्द्रिय समितिको निर्णय अनुसार पटक पटक विभिन्न अभियानहरू संचालन गर्दै आएकोछ । ती सबै अभियानहरूमा काठमाडौं जिल्ला पार्टीको भूमिका उल्लेखनीय र प्रसंशनीय मात्र होइन अनुकरणीय पनि रहेको कुरा कसैसँग छिपेको छैन । पछिल्लो पटक पार्टी केन्द्रिय समितिको निर्णयानुसार तय गरिएको 'राष्ट्रिय स्वाधिनताको रक्षा र संगठन विस्तार अभियान' मा पनि काठमाडौंले आफ्नो भूमिका राम्रैसँग निभाउने प्रयत्न गर्दैछ । गत मंसिर पछिल्लो हप्तामा सम्पन पार्टी केन्द्रिय समितिको बैठकको स्प्रिट अनुसार स्थायी समितिको गत पौष १६ गते सम्पन्न बैठकको परिपत्र अनुसार 'राष्ट्रिय स्वाधिनताको रक्षा र संगठन विस्तार अभियान' संचालन करिव ६ महिना हुने ठेगान गरियो । त्यसमा तिन चरण तय गरियो । पौषदेखि माघ १४ सम्म पहिलो चरण अर्थात् तयारीको चरण, माघ १५ देखि चैत्र २४ सम्म दोस्रो चरण र बैशाख चौथो सातादेखि जेठको दोस्रो सातासम्म लिम्पियाधुरा जाऔं तेस्रो चरण ।

स्वाभाविक ढंगले काठमाडौं जिल्ला पार्टी पनि 'राष्ट्रिय स्वाधिनताको रक्षा र संगठन विस्तार अभियान' मा जुट्ने निश्चित भयो । पौष १५ गते काठमाडौं जिल्ला पार्टीको पूर्ण बैठक सम्पन्न भयो । बैठकले अन्य कैयौं महत्वपूर्ण निर्णयहरू गर्दै पौष मसान्तसम्म सबै ईलाका र विशेष कमिटीहरूको बैठक सम्पन्न गरिसक्ने, माघ १४ सम्म आर्थिक तयारी लगायत अभियान सम्बन्धि सबै तयारीहरू गरिसक्ने र माघ १५ मा काठमाडौं मै हुने अभियान उद्घाटन कार्यक्रममा ब्यापक जनसहभागिता सहित सहभागी हुँदै माघको १६ गते देखि अभियानको फिल्डमा खट्ने निर्णय गर्‍यो । सोहि अनुसार पौष मसान्तसम्म सबै ईलाका र विशेष कमिटीहरूको बैठक सम्पन्न भए । माघ १४ सम्म अन्य सबै तयारीहरू पुरा हुनुको साथै आंशिकरूपमा आर्थिक तयारीको काम पनि पुरा भयो । माघ १५ मा देशको ४ ठाँउवाट एकसाथ उद्घाटन सम्पन्न भएको अभियान उद्घाटन कार्यक्रम मध्ये काठमाडौंमा भएको अभियान उद्घाटन कार्यक्रममा काठमाडौं पार्टीको सक्रिय सहभागिता रह्यो । यसरी अभियानको पहिलो चरण अर्थात तयारीको चरणलाई काठमाडौं जिल्ला पार्टीले कुशलतापुर्वक पार गर्‍यो ।

माघ १६ गते पश्चात केहि दिन काठमाडौंको अभियानमा अपेक्षाकृत गति आएन । यसका विविध कारणहरू रहे । पहिलो कारण : मेरो व्यक्तिगत समस्या । आमा बिरामी हुनुभएकोले १५ गते अभियान उद्घाटनको कार्यक्रम स्थलदेखि म हतारिएर घर पुगें, आमालाई अस्पताल पुर्‍याएँ । १६ गते राति आमाको निधन भयो । कहिलेकाहीँ व्यक्तिको व्यक्तिगत समस्याको कारणले पनि पार्टी र क्रान्तिको काममा डिस्टर्भ हुँदोरहेछ । अचानक मेरी आमाको निधनले म माथि आएको समस्याको कारण पार्टीको अभियानलाई थोरै डिस्टर्भ पुग्यो, सायद मैले सम्हालेको पार्टीको जिम्मेवारी ज्यादै महत्वपूर्ण हुनुको कारण त्यो भयो भन्ने मलाई लागिरहेको छ । आमाको निधनको ७ दिन पश्चात म पार्टी काममा फर्किए ।

दोस्रो कारण : दलहरूको संयुक्त कार्यक्रम । माघ १५ पश्चात् नक्कली नक्सा र एमसीसी बारे लगातार संयुक्त कार्यक्रमहरू आईरहे । ती कार्यक्रमहरूमा हाम्रो पार्टीले नै जनपरिचालनमा विशेष भूमिका निर्वाह गर्नु पर्ने र त्यसमा पनि काठमाडौंले नै पार्टीको तर्फवाट विशेष भूमिका निर्वाह गर्नुपर्ने भएको हुँदा काठमाडौंको अभियानले निक्कै डिस्टर्भ भेल्नु पर्‍यो । पार्टीको अभियान र संयुक्त कार्यक्रम बीच तालमेल मिल्न नसक्दा दुबैतिर असर पर्ने देखिए पश्चात् लिडरसीपसँग बसेर समाधन खोज्ने प्रत्यत्न गरियो र संयुक्त कार्यक्रमलाई पनि अभियान कै एउटा अंगको रूपमा लिने एकरूप बुझाई गरियो ।

तेस्रो कारण : भ्यालीको अभियानलाई एकरूपतामा लैजाने प्रयास । भ्यालीका जिल्लाहरूलाई समेटेर प्रदेशको लिडरसिपको कमाण्डमा एउटै टिम बनाएर अभियान संचालन गर्ने हाम्रो राम्रो चाहना भएअनुसार त्यो गर्नको निम्ति गरिएको असफल प्रयासले पनि काठमाडौंको अभियानले डिस्टर्भ भेल्नु पर्‍यो ।

माघ १५ देखि यी र यस्ता डिस्टर्भहरूसँग लुकामारी गर्दा गर्दै १०/१२ दिन बितिसकेछ । भसङ्ग भएर सोच्दा त माघको अन्तिम हप्तामा हामी पुगेछौं । यहि अवस्थामा हामीले आफुलाई महान जनयुद्ध दिवसको संघारमा भएको पायौं । हामी महान जनयुद्ध दिवसको तयारीमा लाग्यौं । सँगै हामीले अब अभियानमा होमिनु पर्दछ भन्ने निस्कर्ष पनि निकाल्यौं । १ गते जनयुद्ध दिवस सम्पन्न गर्ने, २ गते जिल्लाको बैठक बस्ने र ५ गते देखि अभियानमा जाने निस्कर्ष जिल्लाको लिडरसीप टिमले निकाल्यो । उतातिर ३, ५ र ८ गते फेरि संयुक्त कार्यक्रमको घोषणा भयो । हाम्रो योजना फेरि पछाडी सर्‍यो । अन्ततः काठमाडौं जिल्ला पार्टीको अभियान विशेष पूर्ण बैठक फागुन ७ मा बस्यो । उक्त बैठकले अभियान दल निर्माण गर्‍यो । साथै अभियान दलका सदस्यहरू मध्ये जिल्ला पार्टीको जिम्मेवारी अनुसार अभियान अवधिभरका निम्ति पूर्णकालिन र अल्पकालिन सदस्य पनि ठोस गर्‍यो । बैठकले अभियानको निर्देशिका, अभियानको नियम र फागुन ११ देखि चैत्र २० सम्मको अभियान तालिका पारित गर्‍यो । अतः उक्त बैठकले ८ गते संयुक्त कार्यक्रममा सहभागी हुने, ९ र १० गते आराम गर्ने र ११ गते देखि अभियानको फिल्डमा जाने निर्णय गर्‍यो । सोहि अनुसार काठमाडौं जिल्ला अभियानको फिल्डमा उत्रियो ।

**पहिलो दिन : जसले अभियानका सबै दिनहरूको भावको प्रतिनिधित्व गर्दछ**

दोस्रो चरण अभियानको पहिलो दिन फागुन ११ गते बिहान १० बजे अभियान टिम कीर्तिपुर टी.यु. गेट अगाडी केन्द्रित भएर १०.३० बजे दक्षिणकाली नगरपालिकाको फर्पिङतिर हिँड्यो । १२ वटा मोटरसाईकलमा सवार अभियान दलका हामी २३ जना सदस्यहरूको टिम करिव ११.३० बजे फर्पिङ् पुग्यो । ३ जना कमरेडहरूले अभियानमा आवश्यक सामान बोकेको गाडी लिएर आउनुपर्ने र हामीले उहाँहरूलाई फर्पिङमा पर्खनु पर्ने भएको कारण हामी करिव १ घण्टा फर्पिङमा बस्यौं । गाडी आए पश्चात हाम्रो टिम छैमुलेतिर कुद्यो । छैमुले पुगेर केहि समर्थक र अन्य स्थानीयवासीहरूसँग भेटघाट, छलफल गरियो । पर्चा वितरण गरियो, स्थानीयवासी र समर्थकहरूले फेरि अर्को पटक अलि समय लिएर आउने सल्लाह दिनुभयो । फेरि आउने वचन दिएर हामी उहाँहरूसँग बिदा भयौं ।

त्यसपछि हाम्रो टिम छैमुलेको वडा कार्यलयमा गयो । वडा कार्यालयका जनप्रतिनिधिहरूसँग राष्ट्रियताको विषय खासगरी भारतीय नक्कली नक्सा र एमसीसी परियोजनाको बारेमा अन्तरक्रिया गरियो । वडाका जनप्रतिनिधिहरूले हाम्रो देशभक्तिपूर्ण आन्दोलनलाई सहयोग र समर्थन रहने वचन दिनुभयो । हामीले युवालिगद्वारा निर्मित नेपालको सक्कली नक्सा वडा अध्यक्षलाई हस्तान्तरण गरियो । साथै हामीले वडा कार्यालयमा झुन्ड्याइएको भारत निर्मित नक्कली नक्सा हामीलाई दिन आग्रह गरियो । हाम्रो आग्रहलाई उहाँहरूले सहर्ष स्वीकार गर्नुभयो र हामीलाई उक्त नक्सा दिनुभयो । उहाँहरूसँग बिदा भएर हामी फर्पिङतिर फर्कियौं ।

फर्पिङमा नगर कार्यालय गयौं । नगर कार्यालयभित्र नगर प्रमुखको कार्यकक्षमा प्रवेश गर्ने बित्तिकै करिव दुई बर्ष अघि हामीले नै दिएको नेपालको वास्तविक नक्साले भित्तामा झुन्डिएर हामीलाई नै स्वागत गरिरहेको देख्यौं र हामी आनन्दित भयौं । त्यहाँ नगर प्रमुख लगाएत जनप्रतिनिधिहरूसँग परिचय र राष्ट्रियताको बारेमा अन्तरक्रिया गरियो । नगर प्रमुखले राष्ट्रियता सम्बन्धि हाम्रो अभियानलाई पूर्ण समर्थन रहेको घोषणा गर्नुभयो । उहाँले दक्षिणकाली नगरका १० वटै वडा र नगर कार्यालयलाई गरी ११ वटा सक्कली नक्सा माग गर्नुभयो र हामीले उहाँलाई ११ वटा सक्कली नक्सा हस्तान्तरण गर्‍यौं । नगर कार्यालयमा रहेको नक्कली नक्सा हटाउने बारेमा नगर प्रमुखसँग मैत्रीपूर्ण छलफल गर्‍यौं । नगर प्रमुखले १ हप्ताभित्र त्यो नक्सा हटाउने प्रतिवद्धता जाहेर गरेपश्चात् हामी उहाँहरू सँग बिदा भएर नगर कार्यालयबाट बहिरियौं । त्यसपछि फर्पिङ चोकमा साँझ ५ बजे कोणसभा सुरू गर्‍यौं र ६ बजे समापन गर्‍यौं । कोणसभा समापनसँगै छैमुले वडा कार्यालयबाट लिएको भारत निर्मित नक्कली नक्सा जलायौं । काठमाडौं अभियान दलको अभियानमा भएका सबै दैनिकी यहाँ राखेर लेख लामो बनाउनु मैले उपयुक्त ठानेन । अभियानका सबै कर्म र क्रियाशीलताको प्रतिनिधित्व यहि पहिलो दिनले नै गर्दछ । लगभग सबैदीन यसरि नै चलेकाछन् । थप जोडिएका एकाध रचनात्मक विषय वस्तुहरू प्रसँगबस उल्लेख गरिने छन् ।

**अभियानमा आन्तरिक भेटघाट र छलफल**

दक्षिणकाली नगरपालिका देखि सुरू गरिएको शुभचिन्तक, पार्टी समर्थकहरूसँगको भेटघाट, छलफल र अन्तरक्रियाहरू निरन्तर चलिरह्यो । यसक्रममा दक्षिणकाली नगरपालिकाको छैमुलेमा पार्टी समर्थकहरूसँग भेटघाट र छलफल गरियो । दक्षिणकाली नगरपालिकामा संगठन शुन्य रहेको वर्तमान अवस्थामा त्यो भेटघाट र छलफलले आगामी दिनमा संगठन निर्माणको आधार तयार गरेको छ । कीर्तिपुर नगरपालिकामा पार्टी समर्थक र पार्टी सदस्यहरूसँग भेटघाट र छलफल भयो । त्यो भेटघाट र छलफलले कीर्तिपुरको पार्टीलाई गति दिने उर्जा प्राप्त भएको महसुस गरेका छौं । चन्द्रागिरी नगरपालिकामा अत्यन्तै पुराना तर आ-आफ्नो व्यस्तताको कारण निस्क्रिय स्थितिमा रहेका पार्टी सदस्यहरूसँग भेटघाट र छलफल गरियो । प्रदेश सेक्रेटरी कमरेड प्रवेश समेतको उपस्थितिमा भएको उक्त भेटघाट र छलफलले चन्द्रागिरीको पार्टीलाई थप गतिशील बनाउन मद्दत पुगेको छ । नागार्जुन नगरपालिकामा बिगतमा पार्टी कमिटीमा रहेर काम गरेका तर हाल पार्टी सम्पर्कमा नभएका कमरेडहरूको ठुलो टिमसँग भेटघाट र छलफल भयो । पार्टीमा काम गर्ने ईच्छा शक्ति बोकेर आएका ती कमरेडहरूसँगको भेटघाट र छलफलले अभियान टिमलाई पनि थप जोश र जाँगर प्राप्त भयो । पार्टीको कुनै पनि संगठन नभएको नागार्जुन नगरपालिकामा अब तुरून्तै देजमो र जबसहरू गठन हुनेभएका छन् र निकट भविस्यमा नै त्यहाँ पार्टी कमिटी पनि निर्माण हुने सम्भावना बढेकोछ । तारकेश्वर नगरपालिकामा बिगत लामो समयदेखि पार्टी काममा सक्रिय हुन नसकेका कमरेडहरूका घर घर मै गएर भेटघाट, छलफल गरियो । साथै त्यहाँको नेतृत्वसँग बसेर विशेष छलफल पनि गरियो । ती भेटघाट र छलफलले तारकेश्वरको पार्टी कमिटीलाई अघि बढ्न प्रेरणा दिएकोछ र स्थानीय नेतृत्वलाई थप जिम्मेवार बन्न प्रेरित गरेकोछ । टोखा नगरपालिकामा पुराना निष्क्रिय पार्टी सदस्यहरू र धुर्विकरणमा आएका तर सक्रिय भूमिकामा नरहेका कमरेडहरूसँग बसेर छलफल गरियो । छलफलबाट ती कमरेडहरू अब अगाडी पार्टी काममा सक्रिय हुने निस्कर्ष निकालियो । त्यो निस्कर्षले निश्चय नै टोखाको पार्टीले एउटा छलांग हान्नेछ ।

**अभियानमा नक्सा अनुगमन र अन्तरक्रिया**

फाल्गुन ११ देखि फागुन २३ गते सम्म 'एक नगरपालिका दुई दिन अभियान' को नीति अनुसार हामीले काठमाडौंका ६ वटा नगरपालिका, १७ वटा वडा कार्यालय र ८ वटा स्कुलमा भारतद्वारा निर्मित नक्कली नक्सा अनुगमन गर्ने, राष्ट्रियता विशेष अन्तरक्रिया गर्ने, नक्कली नक्सा विस्थापन गर्न उत्प्रेरित गर्ने र सक्कली नक्सा हस्तान्तरण गर्ने काम गरियो । यो क्रममा अभियान दलले ४५ वटा सक्कली नक्सा हस्तान्तरण गर्‍यो । अन्तरक्रिया र छलफलको क्रममा नगर, वडाका जनप्रतिनिधि तथा विद्यालयका सबै प्रतिनिधिहरूले हाम्रो अभियान प्रति हार्दिक समर्थन व्यक्त गर्नुभयो । पार्टी र देशभक्तिपूर्ण आन्दोलनको निम्ति यो शुभ संकेत हो भन्ने हामीलाई लागिरहेको छ ।

**अभियानमा शहिद बेपत्ता परिवार भेटघाट तथा सम्मान**

काठमाडौंको दोस्रो चरणको अभियान सुरू गरेको तेस्रो दिन अर्थात् फागुन १४ गतेदेखि शहिद सप्ताह प्रारम्भ भयो । अभियानको चटारोमा परेका हामीलाई शहिद सप्ताह समयको हिसावले ज्यादै छोटो भयो । त्यसकारण शहिद तथा बेपत्ता योद्धा परिवारसँग भेटघाट र सम्मान गर्नको निम्ति शहिद सप्ताहको एकहप्ते समय सिमाभित्र नबाढाइकन अभियान अवधिभर काठमाडौंमा रहेका सबै शहिद तथा बेपत्ता योद्धा परिवारसँग भेटघाट र सम्मान गर्ने हाम्रो योजना हो । अतः फागुन १४ देखि फागुन २३ सम्म हामीले ११ जना शहिद तथा वेपत्ता योद्धा परिवारसँग भेटघाट र सम्मान गरियो । यस अन्तर्गत क. रेनुका दुलालको परिवार - चन्द्रागीरी, क. मिना श्रेष्ठको परिवार - चन्द्रागिरी, क. हरिश्चन्द्र महर्जनको परिवार - चन्द्रागिरी, क.सुचिन्द्रको परिवार -चन्द्रागिरी, क.रामहरि फुयालको परिवार - चन्द्रागिरी, क.निश्चल नकर्मीको परिवार -चन्द्रागिरी, क.पिपल श्रेष्ठको परिवार - नागार्जुन, क.श्रीराम ढकालको परिवार - तारकेश्वर, क.बाबुकाजी ढुंगानाको परिवार - तारकेस्वर, र क. भिम महर्जनको परिवार - टोखा लाई भेटघाट र सम्मान गरियो । भेटघाटको क्रममा शहिद तथा वेपत्ता योद्धा परिवारजनबाट पार्टीलाई अत्यन्तै स्नेहका साथ थुप्रै सल्लाह, सुझावहरू प्राप्त भएका छन् । ती सल्लाह र सुझावहरू पार्टी र क्रान्तिका महत्वपूर्ण सम्पतिका रूपमा सधैँ रहिरहने छन् ।

**अभियानमा कोणसभा र चोकसभा**

दोस्रो चरणको अभियान सुरूदेखि स्थगनसम्मको छोटो अवधिमा काठमाडौंको अभियान दलले जम्मा १४ वटा कोण तथा चोकसभाहरू सम्पन्न गर्‍यो । यी मध्ये धेरै चोकसभा र थोरै कोणसभा भएका छन् । जो निम्न स्थानहरूमा निम्न संख्यामा सम्पन्न भए : नयाँ बसपार्क -१, पुरानो बसपार्क -१, दक्षिणकाली -१, कीर्तिपुर -२, चन्द्रागिरी -३, नागार्जुन -३, तारकेश्वर -१ र टोखा -२ । यी सभाहरूमा भारतीय विस्तारवादद्वारा गरिएको सिमा अतिक्रमण, लिम्पियाधुरा-लिपुलेक र कालापानी क्षेत्र माथि भएको हस्तक्षेप, अमेरिकी साम्राज्यवादले लादेको एमसीसी परियोजनाको ब्यापक भण्डाफोरका साथै नेपालको कथित कम्युनिष्ट सरकारको दलाल चरित्रको चर्को बिरोध गरिएको थियो । टोखा नगरको पहिलो चोकसभालाई पार्टी पोलिटब्युरो सदस्य तथा ३ न.प्रदेश ईन्चार्ज क. सागर र दोस्रो चोकसभालाई पार्टी पोलिटब्युरो सदस्य तथा अनेम संघ (क्रान्तिकारी) का केन्द्रिय अध्यक्ष क. अम्बिका मुडभरीले सम्बोधन गर्नुभएको थियो । अन्य सभाहरूलाई काठमाडौं जिल्ला ईन्चार्ज क.सरू, जिल्ला सेक्रेटरी क. अमर, देजमो जिल्ला अध्यक्ष क. बन्धुदेव पाण्डे, पार्टीका नेता क.पदम भण्डारी, दलित मोर्चाका नेता क.राम नेपाली, अनेम संघ (क्रान्तिकारी) का नेत्री क.रिना गेलाल, क्रान्तिकारी युवा लिगका नेता क.शुरेश तामाङ, मजदुर नेताहरू क.ढोग प्रसाद अधिकारी, क.बद्रि चापागाई, क.कुमार घताने, क.दिनेश बर्तौला, किशान महासंघका नेता क. शेखर नाथ आचार्य आदिले नियमित र अनियमित सम्बोधन गर्नुभएको थियो । चोकसभा र कोणसभाको अवसरमा ब्यापक पर्चा वितरण गर्ने तथा गाडीहरूमा ३ वटा नक्सा अंकित सयौं स्टिकर टाँस्ने काम पनि सँगसँगै भए ।

**अभियान स्थगनको बक्तव्य र काठमाडौंको अभियान**

पार्टीको दोस्रो चरणको अभियानलाई काठमाडौंले तीन उपचरणमा विभाजन गरेर अघि बढिरहेको अवस्था हो । पहिलो उपचरण : नगर केन्द्रित अभियान जसमध्ये काठमाडौं जिल्लाका १० वटा नगरपालिकाहरूमा बिदा बाहेक २० दिन अभियान संचालन गर्ने । दोस्रो उपचरण : महानगरमा बिदा बाहेक ८ दिन अभियान संचालन गर्ने र तेस्रो उपचरण : जबस र मोर्चाहरूको जिल्ला भेला र समेलन बिदा बाहेक १५ दिन अभियान कै रूपमा सम्पन्न गर्ने । यसरी काठमाडौंको अभियान चैत्र २० सम्मको योजना लिएर आफ्नो सेटमा हिँडिरहेको स्थिति हो । यसै बीच कोरोना भाइरसको कारण काठमाडौं जिल्ला प्रशासन कार्यालयबाट भिडभाड नगर्ने, अनावश्यक हिँडडुल नगर्ने, सभा, सम्मेलन आयोजना नगर्ने विज्ञप्ति जारी भएकै अवस्थामा हामीले हाम्रो अभियानलाई निरन्तरता दिइरहेका थियौं । यही अवस्थामा महासचिव क. किरणले कोरोना भाइरसको संक्रमण बाट बच्न बचाउन सतर्कता र सजगताको निम्ति फागुन २३ गते अभियान १५ दिनको निम्ति स्थगित गरिएको बक्तब्य जारी गर्नुभएको कुरा हामीले फिल्ड मै जानकारी पायौं । अतः हामीले हाम्रो अभियान फागुन २४ देखि स्थगित गर्‍यौं । फागुनको २७ गते जिल्ला कमिटीको सचिवालयको बिस्तारित बैठक बस्यौं र अभियानलाई फरक ढंगले अर्थात् आन्तरिक संगठनात्मक काममा जोड दिँदै अगाडी बढाउने निर्णय गर्‍यौं । त्यहि अनुसार अहिले काठमाडौं अघि बढिरहेको छ । धन्यवाद ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# हेल्थ डेस्क राखेर एसईई परीक्षा सञ्चालन गर्ने तयारी, ४ लाख ८२ हजारले दिँदैछन् एसईई



काठमाडौं । माध्यामिक परीक्षा बोर्डले माध्यमिक शिक्षा परीक्षा (एसईई) चैत ६ गतेदेखि सञ्चालन गर्ने परीक्षाको समय तालिका सार्वजनिक गरिसकेको छ । कोरोना भाइरसको बढ्दो संक्रमणको संत्रासका कारण परीक्षा स्थगित गर्नुपर्ने आवाज उठिरहेको बेला सरकारले हेल्थ डेक्स राखेर परीक्षा सञ्चालन गर्ने तयारी गरेको छ ।

सरकारले एसईई हुने मुलुकभरका १ हजार ९ सय ९५ वटै परीक्षा केन्द्रमा हेल्थ डेस्क राख्ने भएको छ । परीक्षाका समयमा विद्यार्थीमा कोरोना भाइरसको संक्रमण नफैलियोस् भनेर शिक्षा विज्ञान तथा प्रविधि र स्वास्थ्य मन्त्रालयको समन्वयमा डेस्क स्थापना गर्न बताइएको छ ।

परीक्षा हलभित्र जानुअघि परीक्षार्थी, कर्मचारी तथा परीक्षामा संलग्न अन्य सबैको तापक्रम जाँच गरिनेछ । परीक्षाका क्रममा कुनै विद्यार्थीमा ज्वरो देखिएमा अस्पताल लगेर उपचारको व्यवस्थासमेत हेल्थ डेस्कबाट हुनेछ ।

शिक्षाविद्हरुले पनि हेल्थ डेक्स राखेर परीक्षा सञ्चालन गर्नुपर्ने सुझाब दिएका छन् ।

शिक्षाविद् विद्यानाथ कोइरालाले कोरोना भाइरसको संक्रमण हुनबाट परीक्षार्थीलाई जोगाउने उपायसहित परीक्षा सञ्चालन गर्नुपर्ने बताएका छन् । 'बरु परीक्षार्थीलाई मास्क लगाएर आउन अनुरोध गरौं । पानी वा घामको समस्या हुने भएकाले चौरमा त्रिपाल टाँगेर पनि चलाउन सकिन्छ । आवश्यक परेमा स्वास्थ्यकर्मीको पनि परामर्श लिऔं ।' उनको भनाइ छ ।

सरकारले पनि स्थगन नगरी सुरक्षाका उपायबारे अध्ययन गरिरहेको जनाएको छ । कोरोना भाइरस संक्रमण हुन नदिने विषयमा सचेतना जगाउन शिक्षा र स्वास्थ्य मन्त्रालयले संयुक्त रूपमा हजार स्वयंसेवक परिचालन गर्ने भएका छन् ।

अभियानमा चिकित्सा शिक्षा आयोगलाई पनि सहभागी गराइनेछ । स्वास्थ्यसँग सम्बन्धित विषय पढाइरहेका मेडिकल कलेजसँग समन्वय गरेर अभियान चलाइने सरकारी तयारी छ । पहिलो चरणको योजनाअनुसार स्वयंसेवकले कोरोना भाइरस के हो भन्ने विषयमा सर्वसाधारणलाई जानकारी गराउनेछन् ।

**४ लाख ८२ हजारले दिदैछन् एसइएईई**

चैत ६ गतेदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) मा ४ लाख ८२ हजार २ सय १९ परीक्षार्थी सहभागी हुने भएका छन् । नियमित (साधारण) तर्फ ४ लाख ५६ हजार ३ सय २९ र प्राविधिकतर्फ ९ हजार ५ सय ९ परीक्षार्थी रहेको परीक्षा बोर्डले जनाएको छ ।

ग्रेड वृद्धिअन्तर्गत साधारणतर्फ १६ हजार २ सय ४२ र प्राविधिकतर्फ १ सय ३९ परीक्षार्थी सहभागी हुनेछन् । सबैभन्दा बढी परीक्षार्थी बागमतीबाट १ लाख ३ हजार ६ सय ६७ र थोरै कर्णाली प्रदेशबाट ३६ हजार ४ सय ३६ सहभागी हुनेछन् । परीक्षाका लागि १ हजार ९ सय ९४ केन्द्र कायम गरिएको छ ।

यसैबीच, शिक्षा मन्त्री गिरीराजमणि पोखरेलले तीनै तहका सरकार मिलेर यही चैत्र ६ गतेदेखि एसईई परीक्षा गराउने तयारी गरिरहेको बताएका छन् । त्यसका लागि १९९५ परीक्षा केन्द्र तय गरिएका छन् । परीक्षा केन्द्रहरूमा प्राथमिक उपचार केन्द्र राख्ने शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच मन्त्रिस्तरमा निर्णय भएको छ ।

निजी, गैरसरकारी, सामुदायिक स्वास्थ्य संस्थाहरूबाट पनि स्वास्थ्य स्वयंसेवक परिचालन गर्न मन्त्रालय लागिरहेको छ । परीक्षार्थीहरूले अहिले सेल्फ र होम क्वारेन्टाइनमा बसेर आफ्नो पठनपाठन अगाडि बढाउनुपर्ने, नियमित हात धुने, मास्क प्रयोग गर्ने, संक्रमणको लक्षण देखिएकाबाट दूरीमा बस्ने, स्वास्थ्य मन्त्रालयबाट जारी हुने निर्देशनहरूको नियमित पालना गर्नेजस्ता सावधानी अपनाउने र नडराई आफ्नो अध्ययन जारी राख्नुपर्ने लगायतका सुझाब उनले दिएका छन् ।

एसईई परीक्षा केन्द्रमा हिमालमा १५०, पहाडमा २५० र तराईमा ३०० सम्म परीक्षार्थी राख्ने मापदण्ड भएता पनि कोठाहरूको उपलब्धता हेरी यथासम्भव पातलो संख्यामा परीक्षार्थी राख्ने, छुटै अइसोलेसन कक्षको व्यवस्थापन गर्ने, परीक्षाकेन्द्र बाहिर अनावश्यक भीड नगर्ने, सकेसम्म स्कुलबसहरू तत्कालका लागि प्रयोग नगर्ने र गर्नुपर्ने बाध्यता भएमा त्यसमा पालना गर्नुपर्ने आचारसंहिता बनाउने र सीडीओको नेतृत्वमा रहेको जिल्ला एसईई सुरक्षा समितिमा स्वास्थ्यको प्रतिनिधि पनि आमन्त्रण गरेर स्थानीय परिस्थितिको आकलन गर्नेजस्ता कार्य गर्नुपर्ने उनको सुझाब छ ।

## क्रान्तिभित्र...

कायशैली, नैतिकता, समर्पणभाव र क्षमतामाथि निर्भर गर्दछ । तसर्थ, उनीहरूलाई सच्चा कम्युनिस्टमा हुर्काउने र उठाउने काम अत्यधिक महत्वको रहन्छ ।

क्रान्तिभित्र क्रान्तिले अपेक्षा गर्ने अर्को प्रमुख कुरो यही नै हो ।

कार्यकर्ताहरूको सैद्धान्तिक रुपान्तरणको सवाल पार्टीको सामु रहेको एउटा निकै गम्भीर सवाल हो । एउटा स्पष्ट तथ्य हाम्रा सामु छ, पार्टी र कम्युनिस्ट आन्दोलनको सङ्ख्यात्मक बृद्धि सँगसँगै तिनको गुणात्मक ह्रास भइरहेको छ । यस ह्रासले विभिन्न रुपमा आफूलाई व्यक्त गरिरहेको छ । कार्यकर्तामा मार्क्सवादी ज्ञान र समझदारीको कमी, तिनमा सामन्तीलगायत गैरसर्वहारा विचार हरूको अधिक प्रभाव, विचार प्रधान हो भन्ने गरिएपनि व्यवहार सबकुछ हो भन्ने व्यवहारवादी सोचको प्रभाव र सिद्धान्त तथा चिन्तन-मननतर्फ रुचि र प्रयत्नको कमी आदि । व्यवहार र आचरणको दृष्टिबाट हेर्ने हो भने गैरकम्युनिस्ट प्रवृत्तिहरू बढी मात्रामा पाइन्छन् । जस्तो कि अनुशासनको अभाव, अराजकतावादी प्रवृत्ति, आफूभन्दा माथिका प्रति अन्धभक्ति र तलका प्रति हुकुमी पारा, घमण्ड तथा फाईंफुट्टी, जनताको सेवा गर्ने होइन कि जनताबाट आफ्नो सेवा गराउने प्रवृत्ति आदि । जनतासित गरिने दम्भपूर्ण, अहङ्कारवादी तथा हप्कीदप्की व्यवहारको कारण जनताले पार्टीलाई नराम्रो दृष्टिले हेर्नु स्वाभाविक छ । यस्तो व्यवहारले पार्टीलाई जनताबाट अलग्याउने काम गर्छ । यस्ता कमजोरी र गल्तीहरूले पार्टीलाई जनताबाट अलग्याउने प्रतिक्रियावादी शक्तिहरूको चाहना र प्रयत्नमा मलजल पुऱ्याउने गर्छन् ।

उपरोक्त खालको आचरण र व्यवहारमा आमूल परिवर्तन हुनु एकदमै आवश्यक छ । प्रचार कार्यमा लागेका कार्यकर्ताहरूले जनताप्रति बलजफ्ती व्यवहार वा नोकरप्रति मालिकको जस्तो व्यवहार गर्नु ज्यादै अवाञ्छनीय र हानिकारक कार्य हो । वास्तविक जीवन र अनुभवसित गाँसेर जनताले बुझ्ने भाषामा पार्टीका कार्यदिशा, नीति तथा तात्कालिक कार्यभार प्रचार गरेर उनीहरूलाई शिक्षित पार्नु कार्यकर्ताहरूको जिम्मेवारी हो । कसैले गर्ने कुरा एउटा र काम अर्कै हुने गरेमा जनताको विश्वास जित्न नसक्ने तथ्यप्रति सतर्क रहेर काम र कुरोको मेल रहनुपर्नेमा ध्यान दिइनुपर्छ । कार्यकर्ताबाट जनतामा गरिने प्रचार र आन्दोलन जीवनसापेक्ष र बोधगम्य हुनु जरुरी छ । जनताले नबुझ्ने र मनन नगर्ने थेगोहरूको प्रयोग एकदमै त्याज्य छ ।

पार्टी भनेको कुनै अमूर्त तत्व होइन, बरु त्यो एउटा यस्तो समुदाय हो, जसमा त्यसका सदस्यहरू, त्यसका नेताहरू र कार्यकर्ताहरू एउटा साझा सिद्धान्त र उद्देश्यबाट निर्देशित रहन्छन् । त्यतिमात्र होइन, तिनीहरू सँगसँगै रहेर काम गर्दछन्, एकले अर्कोलाई चिन्दछन् र एक अर्कोसित व्यवहार गरिरहेका हुन्छन् । उक्त चिनजानी र व्यवहार उनीहरू बीचको सम्बन्धलाई निर्धारित गर्ने एउटा प्रमुख तत्व हो । उनीहरूबीचको सम्बन्धमा अत्यधिक महत्वपूर्ण तत्व नेता र कार्यकर्ताहरूबीचको सम्बन्ध हो, जसले आदेश-निर्देशन दिने र त्यसको पालन गर्ने आधिकारिक कडीको काम गर्दछ । यहाँ अधिकारप्राप्त व्यक्तिले कुन ढङ्गबाट आफ्नो अधिकारको उपयोग र स्थापना गर्छ, त्यसले निकै ठूलो भूमिका खेल्छ ।

उपरोक्त मामिलामा गम्भीर त्रुटिहरू देख्नमा आएका छन् । माथि उल्लेखित प्राधिकारिक कडी एउटा स्वस्थ आधारमा स्थापित भएको हुनुपर्छ र त्यो आधार भनेको जनवादी केन्द्रीयता हो । सो आधार नपाएमा सो कडी मालिक-नोकर सम्बन्ध, पुँजी-श्रम सम्बन्ध, व्यक्तिवाद आदि जस्ता गलत आधारमा जोडिन वा आधारित हुन पुग्छ । स्वस्थ र सही आधारको अभावको कारणले नै नेताको प्राधिकार नोकरशाहीमा र कार्यकर्ताको जनवाद अराजकतामा फेरिने गर्दछन् ।

उपरोक्त सम्बन्धमा ध्यानयोग्य कुरा के छ भने नेताले निर्देशन दिने र नेतृत्व गर्ने अधिकार पाएको छ, त्यो कार्यकर्तालाई नोकरसरह व्यवहार गर्ने वा उनको आफ्नो जुन पहिचान छ, त्यसलाई मेटिदिने वा उनको स्वाभिमानमा चोट पुऱ्याउने अधिकार कदापि होइन । साथै, त्यो कार्यकर्ताहरूको काममा पुक्कापन (स्वतन्त्रता) र पहलकदमीलाई खतम पार्ने अधिकार पनि होइन । अर्कोतिर कार्यकर्ताको काममा फुक्कापन र पहलकदमीको अर्थ पार्टी आदेश-निर्देशनको पालना नगर्ने वा आफूखुशी जे पनि गर्ने भन्ने कदापि होइन ।

पार्टीमा कार्यकर्तालाई एउटा साधनमात्र ठान्ने, मेशीनको उपयोग गरेझैं उपयोगयोग्य ठान्ने प्रवृत्ति रहेको छ । उक्त प्रवृत्तिले कार्यकर्तालाई एउटा लक्ष्यको रुपमा क्रान्तिको लागि योग्य र सक्षम तत्वको रुपमा विकसित गर्नुपर्ने व्यक्तिको रुपमा लिंदैन । उक्त प्रवृत्तिका समर्थकहरू कुन कुरालाई बिर्सन्छन् भने नेतृत्वको एउटा महत्वपूर्ण अभिभारा कार्यकर्तामा भएका कमीकमजोरीहरूलाई हटाउन आवश्यक सहायता प्रदान गरेर र सैद्धान्तिक-राजनीतिक रुपमा तिनीहरूलाई शिक्षित र प्रबुद्ध बनाएर सच्चा कम्युनिस्टहरूको स्तरमा उठाउनु हो । यसको ठीक उल्टो एउटा कस्तो प्रवृत्ति देखिएको छ भने कार्यकर्तामा भएका लोभ, लालच, व्यक्तिगत स्वार्थ, पदलोलुपताजस्ता खराब प्रवृत्तिलाई उकासेर र त्यसलाई बढावा दिएर आफ्नो सङ्कीर्ण स्वार्थको प्रयोग गर्ने गरिन्छ । यससम्बन्धमा लेनिनले आफ्नो युवा बेलाको एउटा अनुभवको उल्लेख गरी लेखेका छन् -

"म ज्यादै फराकिलो र सर्वपक्षीय अभिभारा लिएको एउटा अध्ययन मण्डलमा काम गर्दथें र सो मण्डलका हामी सबै सदस्यहरू जुन कुरालाई बुझेर निकै दुःखी रह्यौं भने हामी इतिहासको यस्तो घडीमा सिकारुझैं बनेर काम गरिरहेका छौं, जुन घडीमा हामीले 'हामीलाई क्रान्तिकारीहरूको एउटा सङ्गठन दिनुहोस्, हामी रुसलाई पल्टाइदिन्छौं' भन्ने एउटा सुप्रसिद्ध कथनलाई जोडका साथ उठाउनु पर्दथ्यो । त्यसताका मैले अनुभव गरेको तीव्र लाजलाई जति बढी म सम्झन्छु, त्यति बढी ती नक्कली जनवादीहरूप्रति मेरो भावना कटु बन्छ, किनभने तिनीहरूको तर्कले 'क्रान्तिकारीहरूको नाउँमा कलङ्क लगाउँछ' र तिनीहरू कुन कुरालाई बुझ्न सक्दैनन् भने हाम्रो अभिभारा भनेको क्रान्तिकारीहरूलाई सिकारुको स्तरमा खसाल्ने होइन, बरु सिकारुहरूलाई क्रान्तिकारीहरूको स्तरमा उठाउनु हो ।" (लेनिन "सङ्कलित रचनाहरू" भाग ५, पृष्ठ ४६६-४६७)

लेनिनको उक्त भनाइले कार्यकर्ताप्रति नेतृत्वको गम्भीर अभिभारालाई इङ्गित गरेको छ । त्यो अभिभारा भनेको कार्यकर्ताभित्र रहेका गलत प्रवृत्तिलाई बढावा दिएर उनीहरुलाई खसाल्नु होइन, उनीहरुलाई कोरा र अबुझमा राखिछाड्नु होइन, बरु उनीहरुलाई सच्चा क्रान्तिकारीमा रुपान्तरित गर्नु हो । नेतृत्वले कार्यकर्ताहरूसित आफ्नो सम्बन्ध र मेललाई बलियो र सुदृढ बनाउनु पर्छ । तर त्यसको अर्थ कम सचेत वा सिकारु कार्यकर्ताको स्तरमा आफूलाई गिराउनु र मिलाउनु होइन, बरु तिनलाई सच्चा कम्युनिस्टको स्तरमा माथि उठाउनु हो । यो नेतृत्वको अभिभारको कुरा हो । अर्कोतिर पार्टीमा प्रवेश गरेकाहरूले आफ्नो तर्फबाट आफूलाई कम्युनिस्ट क्रान्तिकारीहरूको स्तरमा उठाउन प्रयत्न गर्नु पर्छ । कोही व्यक्तिको पार्टीमा प्रवेश कम्युनिस्ट बन्नेतर्फको उसको पहिलो पाइला मात्र हो र यसरी ऊ साङ्गठनिक दृष्टिबाट मात्र कम्युनिस्ट बनेको हो । सच्चा कम्युनिस्टमा आफूलाई विकसित गर्नको लागि पार्टी र क्रान्तिका लागि बढीभन्दा बढी योगदान गर्नका लागि उसले सङ्घर्षमा आफ्ना कमीकमजोरीहरू हटाउन इमानदारीताका साथ प्रयास गर्दै आफूलाई वैचारिक रुपान्तरणको प्रक्रियाबाट गुजार्नु पर्छ । पार्टीमा सामेल भएका प्रत्येक कमरेडको एउटा महत्वपूर्ण कर्तब्य उसले आफूलाई वैचारिक दृष्टिबाट तयार पार्नु हो ।

पार्टीमा नेता र कार्यकर्ताहरूमाझ घनिष्ठ र मिलनसार सम्बन्ध हुनु जरुरी छ । तिनीहरूको सम्बन्ध मालिक र नोकरको जस्तो सम्बन्ध होइन, बरु पारस्परिक सहायता र मित्रताको सिद्धान्तद्वारा निर्देशित र त्यसको अधीनस्त रहनुपर्छ । तिनका बीचका सम्बन्धमा उपरोक्त अवस्था नरहेमा वा त्यसको विपरीत भएमा पार्टीको काममा खुकुलोपन वा अस्तव्यस्तता हुनसक्छ र भित्र-भित्रै एकले अर्कोलाई प्रहार गर्नेसमेत हुनु सम्भव छ ।

त्यस्तै, कार्यकर्ता-कार्यकर्ताबीचमा पनि राम्रो र सही सम्बन्ध हुन आवश्यक छ । पार्टी कार्यकर्ताहरू फरक-फरक स्थान र वातावरणमा र फरक-फरक क्षेत्रमा काम गरिरहने भएकोले तिनीहरूबीचको सम्बन्धमा समस्याहरू पैदा हुने गर्छन् - जस्तो कि पुराना र नयाँ कार्यकर्ताहरूबीच, स्थानीय र बाहिरबाट आएका कार्यकर्ताहरूबीच, फरक-फरक कार्यक्षेत्र र विभागका कार्यकर्ताहरूबीचका सम्बन्धमा समस्याहरू देख्नमा आएका छन् । ती कार्यकर्ताहरूबीच उचित सम्बन्ध स्थापित गरिनुपर्छ । कार्यकर्ताबीचको सम्बन्ध मैत्रीपूर्ण तथा सहयोगात्मक भावनाबाट निर्देशित रहनुपर्छ । एकले अर्कोलाई सिकाउने र एकले अर्कोबाट सिक्ने, अप्ठ्यारोमा एकले अर्कोलाई सघाउने, एकले अर्कोको राम्रो कुरा ग्रहण गर्ने र एकले अर्कोको कमजोरी हटाउनमा मद्दत गर्ने सिद्धान्तबाट सो सम्बन्ध निर्देशित रहनुपर्छ । कार्यकर्ताहरूको माझमा एकताबद्धतालाई हुर्काउने र साङ्गठनिक एकतालाई सुनिश्चित र सुदृढ पार्ने एउटा उपाय यो हो ।

आम पार्टी कार्यकर्ताहरूमा रहेको मार्क्सवादी समझदारीको कमी र नेता-कार्यकर्ताबीच र कार्यकर्ता-कार्यकर्ताबीच सम्बन्धमा रहेका विभिन्न कमी-कमजोरी र गलत प्रवृत्तिहरूलाई हटाउनका लागि कार्यकर्ताको वैचारिक रुपान्तरण र तिनका बीचमा सही सम्बन्धको स्थापना सबभन्दा मुख्य उपाय हो । यो कार्य नै क्रान्तिभित्र क्रान्तिको एउटा महत्वपूर्ण पक्ष हो ।

क्रान्तिभित्र क्रान्तिको अर्को महत्वपूर्ण पक्ष क्रान्तिको नेतृत्वको दाबी गर्ने पार्टीका नेताहरूको योग्यता, क्षमता र कार्यकुशलताको स्तरसित सम्बन्धित सवाल हो । माथि कुन कुराबारे चर्चा गरेका छौं भने पार्टीको क्रान्तिकारी जिम्मेवारीको सफलतापूर्वक निर्वाहका लागि मार्क्सवादका क्रान्तिकारी सिद्धान्तहरूलाई मुलुकका विशिष्ट अवस्थामा प्रयोग गर्ने त्यसको क्षमता तथा कुशलता र आम जनतासित त्यसको सम्बन्धको घनिष्ठतामाथि निर्भर गर्दछ । पार्टी आफै सञ्चालित हुने होइन, त्यसको सञ्चालन गर्ने नेताहरू हुन् । तसर्थ, पार्टीमा योग्य नेताहरूको निर्माण र विकासले क्रान्तिमा निकै ठूलो महत्व राख्दछ, अर्थात् अर्को शब्दमा मार्क्सवादी-लेनिनवादी स्तरमा नेतृत्वको विकासको अहम् महत्व रहन्छ ।

पार्टीको एउटा ठूलो कार्यभार र महत्वपूर्ण कर्तब्य योग्य नेताहरूको निर्माण गर्नु तिनीहरूलाई हुर्काउनु र तिनीहरूलाई रङ्गमञ्चमा प्रस्तुत गर्नु हो, किनभने जनताको मुक्ति आन्दोलन सफलतापूर्वक अघि बढ्छ कि बढ्दैन भन्ने कुरा त्यसको नेतृत्व गर्ने नेताहरूको गुणको स्तरमा निर्भर गर्दछ । जसरी हामी आफ्नो निजी जीवनमा योग्य, क्षमतावान तथा दक्ष मानिसहरूको खोज गर्छौं, त्यस्तै हामीले पार्टीमा नेतृत्वकारी पदको लागि सर्वोत्तम, इमानदार, योग्य तथा अत्यधिक क्षमतावान् व्यक्तिहरूको निरन्तर र अथकित रुपमा खोज गर्दै रहनु पर्छ । यदि पार्टीमा पदासीन व्यक्तिहरूमा कुनै व्यक्ति आफू रहेको पदको लागि योग्य नठहरिएमा त्यसलाई हटाएर योग्य व्यक्तिद्वारा सो पदपूर्ति गर्नुपर्छ र जुन व्यक्तिलाई सो पदमा आसीन गरिएको छ, उनलाई काम गर्ने पूरा अधिकार र कार्य-स्वतन्त्रता प्रदान गरिनु पर्छ, जसले गर्दा उनले आफूभन्दा तलकाहरूप्रति आफ्नो दायित्व र माथिकाहरूप्रति आफ्नो जिम्मेवारीका साथ फुक्का रुपमा काम गरुन् । व्यक्तिलाई नेतृत्वकारी पदमा राख्ने तर उनलाई कुनै कामको जिम्मा नदिने वा नाममात्र जिम्मा दिएर उनलाई विनाकामको बनाउने प्रवृत्ति पूरै गलत र हानिकारक छ । अर्कोतर्फ कुनै पार्टी पदमा पुगेका व्यक्तिले सो पद प्राप्तिको अर्थ अधीनस्तहरूप्रति गलत व्यवहार गर्ने वा माथिकालाई खुशी पारेर पदको दुरुपयोग गर्ने कुनै अधिकार पाएको होइन । यदि उनी व्यवहारमा आफूलाई दिएको कामको योग्य रहँदैनन् भने उनले सो अधिकार एकप्रकारले गुमाएको प्रमाणित हुन्छ ।

यहाँ एउटा ध्यानयोग्य तथ्य छ, "जसरी कुनै व्यक्तिले पार्टी सदस्यता प्राप्त गर्नुको अर्थ उनी सच्चा कम्युनिस्ट बनेका छन् भन्ने होइन, त्यसरी नै कुनै कार्यकर्ता कुनै उपायबाट पार्टीको नेतृत्वकारी पदमा पुग्नुको अर्थ उनी एक सच्चा कम्युनिस्ट नेता हुन् भन्ने कुरा होइन । उनले आफ्नो जिम्मेवारीलाई इमानदारितापूर्वक र सक्षम ढङ्गबाट पूरा गरेर आफूलाई प्राप्त पदको योग्य साबित गर्नुपर्छ । नेताले पार्टीमा जुन पदमा आफू आसीन रहेको छ, वा जुन कामको जिम्मा आफूलाई विश्वास गरेर सुम्पिएको छ, सो कामको लागि आफू योग्य छु भन्ने कुरालाई आफ्नो मेहनत, आवश्यक पहलकदमी तथा तत्परता र क्षमताको प्रदर्शनद्वारा साबित गर्नुपर्छ ।

क्रान्तिहरूको इतिहासको अध्ययनबाट हामीले के थाहा पाउँछौं भने क्रान्तिमा नेताहरूको ठूलो भूमिका रहेको हुन्छ । क्रान्तिको लागि आवश्यक वस्तुगत अवस्थाहरूको विकासले त्यसको लागि रङ्गमञ्च ९क्तबनभ० मात्र प्रस्तुत गर्छ तर त्यो विकासले क्रान्ति गर्ने होइन र क्रान्ति हुन्छ कि हुन्न भन्ने कुराको निर्धारण पनि त्यसले गर्ने होइन । क्रान्ति गर्ने त मानिसहरू (जनता) हुन् । अनुकूल वस्तुगत परिस्थिति भएपनि क्रान्ति हुन्छ कि हुन्न भन्ने कुरा मानिसहरू क्रान्तिका लागि काम गर्छन् कि गर्दैनन् र लड्छन् कि लड्दैनन् भन्ने कुरामाथि निर्भर गर्दछ । निश्चय हो, इतिहासलाई अघि बढाउने कार्यमा आम जनताको ठूलो र महत्वपूर्ण भूमिका रहन्छ, तर सो कार्य पूरा गर्ने सम्बन्धमा तिनका आफ्ना सीमाहरू छन् र योग्य नेताहरूको नेतृत्वअन्तर्गत मात्र त्यसमा तिनको भूमिका प्रभावकारी र ठोस परिणाममुखी हुन सक्छ ।

एउटा महत्वपूर्ण भनाइ छ - "क्रान्तिहरू इतिहासका चलयन्त्र हुन् ।" ९च्भखयगितष्यलक बचभ तजभ यिअकयतष्खभक या जष्कतयचथ।० यहाँ कुन कुरा स्पष्ट छ भने चलयन्त्र आफै चालक शक्ति होइन, त्यो त कसैबाट चलाइएपछि चल्ने चीज हो । चलयन्त्रको एक चालक शक्तिको हैसियतको दृष्टिबाट हामी के भन्न सक्छौं भने नेताहरू क्रान्तिका चालक हुन् । यस तथ्यलाई माओले यसरी सूत्रबद्ध गरेका छन् - "जहाज चलाउने काम कर्णधारमाथि निर्भर गर्छ ।" यसअनुसार भन्ने हो भने क्रान्ति एउटा जहाज हो र त्यसलाई चलाउने काम नेताहरू गर्छन् । यसरी क्रान्ति सफलतापूर्वक अघि बढ्छ कि बढ्दैन भन्ने कुराको निर्धारण गर्ने तत्व पार्टीको नेतृत्व हो । तसर्थ, योग्य, सक्षम, कुशल तथा सबल नेतृत्वको विकास गर्नु क्रान्तिको लक्ष्यको सिद्धीकरणका लागि प्रमुख कार्य हो ।

उपरोक्त तथ्यमा नै नेताहरूको महत्व रहन्छ । जहाज चलाउनेले समुद्रमा उठ्ने छालहरूको कुशलतापूर्वक उपयोग गरेर जहाजलाई डोऱ्याउनु पर्छ, त्यसो गर्न नसकेमा छालले जहाजलाई डुबाइदिनेछ । पार्टी नेताहरूले सम्पूर्ण परिस्थितिको विश्लेषणको आधारमा रणनीति तथा कार्यनीतिको तर्जुमा गर्नु र त्यसको कार्यान्वयनका लागि पार्टी शक्तिहरूको सङ्गठन र सञ्चालन गर्नुपर्दछ, त्यसो नगरेमा वा गर्न नसकेमा क्रान्ति असफल हुनेछ, क्रान्तिले प्रतिगमन बेहोर्नु पर्नेछ । त्यसैले क्रान्तिको नेतृत्व गर्ने भन्नेहरूको क्षमता, योग्यता र वैयक्तिक गुणहरूको सवाल अगाडि आउँछ । तसर्थ, क्रान्ति र पार्टीले योग्य, सक्षम तथा कुशल नेताहरूको परिपोषण, सम्बर्द्धन र विकासमा निरन्तर ध्यान दिनु र अयोग्य नेताको ठाउँमा अधिक योग्य नेताको प्रतिस्थापन गर्दै अघि बढ्नु पर्छ ।

माथि हामीले क्रान्तिभित्र क्रान्तिको अवधारणाले निर्दिष्ट गर्ने कार्यहरूको सम्बन्धमा चर्चा गरेका छौं । आम जनताको मनलाई परिवर्तन गर्नु, पार्टी कार्यकर्ताहरूको चिन्तन र आचरणको क्रान्तिकारी रुपान्तरण गर्नु र नेताहरूको योग्यता, क्षमता, दूरदर्शीता र व्यावहारिक कुशलतालाई मार्क्सवादी-लेनिनवादी स्तरमा उठाउनु नै क्रान्तिलाई सफलतापूर्वक सम्पन्न गर्न गर्नुपर्ने कामहरू हुन् ।

यसरी क्रान्तिभित्र क्रान्तिको अवधारणा एउटा व्यापक अर्थ र क्षेत्र ओगट्ने अवधारणा हो । क्रान्तिभित्र क्रान्ति ल्याउनु भनेको एउटा महान् सङ्घर्ष हो, जसलाई उचित ढङ्गबाट दृढतापूर्वक चलाइनु जरुरी छ । यस दृष्टिबाट यो सङ्घर्ष वैचारिक सङ्घर्ष हो, तर यसको अन्तिम समाधान र अन्तिम परिणाम वैचारिक क्षेत्रमा नभएर व्यावहारिक क्षेत्रमा रहन्छ अर्थात् परिणाममा यसको निष्कर्ष व्यवहारको क्रान्तिकारीकरण हो ।

*२०६९ चैत्र २५ गते*

# रिफ्रेस सेन्टरको बहानामा वन फडानीको क्रान्तिकारी माओवादीले गर्‍यो विरोध

नवलपरासी । नेपाल कम्युनिष्ट पार्टी ( क्रान्तिकारी माओवादी ) बर्दघाट नगर संगठन समितिले बर्दघाट ४ स्थित पारिजात वन उपभोक्ता समुहको कार्यक्षेत्र भित्र रुख काटिएको भन्दै बिरोध गरेको छ ।


सो पार्टीका नगर सेक्रेटरी क्रान्तिले विहीवार एक प्रेस बिज्ञप्ति जारी गर्दै रिफ्रेस सेन्टर तथा स्मार्ट शौचालय बनाउने बहानामा ११९ वटा रुख काटिएकोमा बिरोध गरेको हो ।

क्रान्तिकारी माओवादीले प्रदेश सरकारको निर्देशन तथा स्थानीय तहको संग्लनतामा ती रुखहरु काटिदाँ समेत सरोकारवालाहरु मुकदर्शक बनेको बताएको छ ।

प्रेस बिज्ञप्तिमा ईलाका प्रहरी कार्यालय बर्दघाटकै सामुन्ने, सब वन डिभिजन कार्यालय बर्दघाट सरावलको सय मिटर दुरीमा रुख फडानी हुनु र त्यसमा सरोकारवाला मुकदर्शक बन्नु अति निन्दनीय बिषय रहेकोले भन्दै घटनाको निन्दा एंव भर्त्सना गर्दछ - भनिएको छ ।

माओवादीले वनफडानीमा संलग्नहरु उपर छानविन गरी कानुनी कारवाही नगरे संर्घषमा उत्रने चेतावनी दिएको छ ।

सो बिज्ञप्तिमा - सोही सर्न्दभमा हाम्रो पार्टी नेकपा ( क्रान्तिकारी माओवादी) नगर संगठन समितिको मिति २०७६/११/२९ गते सम्पन्न बैठकले प्रदेश नम्बर पाँचको पुर्वी प्रबेशद्धार समेत रहेको बर्दघाट नगरपालिकाको वडा नम्बर ४ स्थित पारिजात सामुदायिक वन उपभोक्ता समुहको कार्यक्षेत्र भित्र भएको जथाभावी रुख कटानी प्रति ध्यानाकर्षण गर्ने निर्णय गरेको यहाँहरु माझ राख्न चाहन्छौ । - उल्लेख गरिएको छ ।


नेपाल कम्युनिष्ट पार्टी ( क्रान्तिकारी माओवादी )

बर्दघाट नगर संगठन समिति

विषय : प्रेस बिज्ञप्ति

# कोरोनाले नजिक्यायो भारत र पाकिस्तानलाई, कोरोनाका विरुद्ध सार्कको साझा रणनीति ?

काठमाडौं । विश्वभर माहामारीको रुपमा फैलिएको कोरोना भाइरसले भारत र पाकिस्तानलाई नजिक्याएको छ । पाकिस्तानमाथि सीमापार आतंकवादलाई प्रश्रय दिएको आरोप लगाएर दक्षिण एसियाली सहयोग संगठन (सार्क) अघि बढाउन नचाहेको भारतले एक्कासि कोरोना भाइरसको महामारीविरुद्ध लड्नका लागि यस क्षेत्रको साझा रणनीति बनाउन प्रस्ताव गरेको छ । भारतको यस प्रस्तावलाई पाकिस्तानले पनि सकारात्मक रुपमा लिएको जनाएको छ । र, आइतबार नै सार्क राष्ट्रका प्रमुखहरुका बीचमा इन्टरनेट भिडियो कन्फरेन्स हुँदैछ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शुक्रबार ट्वीटमार्फत् गरेको यस्तो प्रस्तावले लामो समयदेखि निष्क्रिय सार्कले नयाँ जीवन पाउने आशा गरिएको छ । मोदीले 'भिडियो कन्फ्रेन्स' का लागि गरेको प्रस्तावमा नेपाल, श्रीलंका, भुटान र माल्दिभ्समात्र होइन, पाकिस्तान पनि तयार देखिएको छ । यस क्षेत्रको मुख्य शक्ति भारतका तर्फबाट भएको यस्तो पहल सार्कलाई ब्युँताउने एउटा अवसर हुन सक्ने विश्लेषण गरिएको छ ।

केही वर्षयता यस क्षेत्रमा पाकिस्तानलाई अलग्याउनकै लागि भारतले बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) र बंगलादेश, भुटान, भारत र नेपाल सम्मिलित उपक्षेत्रीय संगठन 'बीबीआईएन' लाई मात्रै अघि बढाउन भगिरथ प्रयत्न गरिरहेको थियो । तर अहिले आएर नयाँदिल्लीले पाकिस्तानलाई अलग्याएर यस क्षेत्रमा अघि बढ्न सम्भव नभएको अनुभूति गरेको र त्यसको अभिव्यक्ति कोरोना भाइरस विरुद्धको साझा रणनीति बनाउने बहानासँगै भएको कुटनीतिक वृतमा चर्चा छ । यसलाई भारतीय अडानमा आएको परिवर्तनका रूपमा पनि विश्लेषण गरिएको छ ।

अहिले पाकिस्तान, अफगानिस्तान र बंगलादेशका



अल्पसंख्यकलाई भारतीय नागरिकता दिने कानुनको भारतभित्र र बाहिर व्यापक विरोध भइरहँदा मोदीले थोरै हदसम्म आफ्नो 'घृणाको राजनीति' ले पुर्‍याएको क्षति नियन्त्रण गर्न सकियोस् भनेर पनि सार्कको नाम लिएका हुन् कि भन्नेको पनि कमी छैन ।

हाल सार्कको अध्यक्ष राष्ट्रको रुपमा नेपाल रहेको छ । २०७१ मंसिरमा काठमाडौंमा भएको सार्कको १८ औं सम्मेलनबाट अध्यक्ष बनेको नेपालले त्यसको दुई वर्षमै पाकिस्तानलाई अध्यक्षता हस्तान्तरण गर्नुपर्ने थियो । पोखरामा २०७२ फागुन ३० मा भएको सार्कको विदेशमन्त्री स्तरीय बैठकले १९औं सम्मेलन कात्तिक २०७३ मा इस्लामावादमा गर्ने निर्णय पनि गरेको थियो । तर, त्यही वर्ष भदौमा भारत, जम्मु-कश्मीरको उरीमा 'पाकिस्तानी उग्रवादी' को हमलामा १७ भारतीय सैनिक मारिएपछि भारत-पाकिस्तान सम्बन्ध त तनावपूर्ण बन्यो नै, सार्क सम्मेलन पनि स्थगित भयो । दुई-दुई वर्षमा हुनुपर्ने सम्मेलन पाँच वर्ष बितिसक्दा पनि अझै हुन सकेको छैन । यसबाट संगठनकै भविष्यमाथि प्रश्न उठ्न थालेको थियो ।

यसै अवसरमा कमजोर रूपमा रहेका सार्कका सचिवालय र संरचनाहरूलाई सबलीकरण गरेर यस्ता संकटहरूसँग जुध्न सक्ने बनाउनेबारे गृहकार्य थाल्न सकिन्छ । खास गरेर अहिले यस क्षेत्रका एकअर्का मुलुकले गर्न सक्ने भनेकै अनुभव आदानप्रदान हो । पुस दोस्रो साता चीनको वुहानबाट फैलिएर १ सय ३० भन्दा बढी देशमा पुगिसकेको कोरोना भाइरसको संक्रमण सार्क मुलुकमा पनि बढ्दो छ । भारतमा मात्रै ८२ जनामा संक्रमण पुष्टि भएको छ भने तीमध्ये दुईजनाको मृत्यु भइसकेको छ । पाकिस्तानमा २८ जनामा संक्रमण देखिएको छ । अफगानिस्तान, बंगलादेश, माल्दिभ्समा, श्रीलंका, भुटान र नेपालमा पनि यसबाट संक्रमित भेटिएका छन् ।

झण्डै दुई महिनाअगाडि चीनको वुहानमा देखिएको कोरोना भाइरस (कोभिड-१९) अहिले १२७ भन्दा धेरै देशमा फैलिएको छ । विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) का अनुसार पशुबाट मानवमा सर्ने कोरोना भाइरस सात प्रकारका छन् र यसले मुलतः मानव श्वासप्रश्वास प्रणालीमा संक्रमण पैदा गर्छ । यसमध्ये चार प्रकारका कोरोना भाइरस (द्दढभ, लीटघ, इ़ऋद्धघ र ज्प्क्ष ) को असर रुघाखोकीजस्तो सामान्य हुन्छ भने (क्ष्च्क (ऋइख र :भ्च्क (ऋइख ) को संक्रमणको असर अलि धेरै रहन्छ । हाल देखिएको कोरोना भाइरस भने सातौं प्रकारको कोरोना भाइरस हो ।

प्रारम्भिक अध्ययन अनुसन्धानले यो भाइरस केही वर्षअघि देखिएको सार्स र मार्सजस्तै पशुबाट मान्छेमा सरेको जुनोटिक प्रकृतिको रहेको साथै मानिसबाट पनि पशुमा सरेको पाइएको छ । यो भाइरसले संक्रमित मान्छेले खोक्दा, हाछ्यूँ गर्दा निस्कने थुक र सिँगानको माध्यमबाट अर्को स्वस्थ मान्छेको हात, आँखा, मुख हुँदै शरीरभित्र छिरेर श्वासप्रश्वास प्रणालीमा संक्रमण पैदा गर्छ । यसको सामान्य लक्षण देखिन र पहिचान गर्न पनि २ देखि १४ दिनसम्म लाग्ने भएकाले तत्कालका लागि यसलाई फरक प्रकृतिको भाइरसको रूपमा हेरिएको छ ।

## कोरोना...

स्थापना गरिएको छ । उक्त ल्याबले हप्तामा ५ सयजति परीक्षणहरु गर्न सक्छ । सबै प्रदेशमा हेल्थ इमर्जेन्सी टिम राखिएको छ ।

एयरपोर्टमा हेल्थ डेस्क राखिएको छ । प्रत्येक मान्छेलाई गनबाट तापक्रमहरु लिइन्छ र सबै मान्छेहरुको डिक्लियरेसन फर्म भर्ने गरिएको छ ।

भारतबाट प्रवेश गर्ने १२९ वटा ठाउँहरु रहेछन् । तीमध्ये गाडी चल्ने स्थान ३७ वटा रहेछन् । र, गाडी नचल्ने चारवटा स्थान, जहाँ मानिसहरुको बाक्लो आवत-जावत हुन्छ, त्यहाँ पनि हेल्थ डेस्क राखिएको छ । तर सरकारी ल्याव र व्यवस्थापनमा जनताले विश्वास गर्न सकिरहेका छैनन् ।

स्वास्थ्यमन्त्री भानुभक्त ढकालले आइतबार सदनमा कोरोना भाइरसबारे सदनलाई जानकारी दिँदै मुलुकभर २ सय ३५ वटा आईसीयू र १ सय ५५ आईसोलेटेड बेड तत्काल व्यवस्था गर्न सरकार जुटेको बताएका छन् । उनले करिब १ सय ७० आईसीयू सञ्चालनमा रहेको र काठमाडौं उपत्यकाभित्र १ सय २० र काठमाडौं बाहिर १ सय १५ गरी २ सय ३५ आईसीयू तत्कालै व्यवस्था गर्ने काममा जुटेको बताएका छन् । उनले १ सय ५५ वटा आइसोलेटेड बेडहरु अहिले तयारी अवस्थामा रहेको बताए ।

उनले १ सय २९ नाका मध्ये ४३ वटा विन्दुमा स्वास्थ्य डेक्स राखिएको र त्यहाँबाट आउने जाने व्यवस्था मिलाइएको भन्दै सीमा जोडिएका स्थानीय तहहरुलाई सावधानीका लागि २१ बुँदे निर्देशन पठाइसकिएको जानकारी दिए ।

उनले सबै जिल्लाका सिडिओ र स्वास्थ्यकर्मीहरुलाई जिल्ला नछाड्न निर्देशन समेत दिएको बताएका छन् ।

***कालोबजारीको मारमा उपभोक्ता***

सरकार र गैरसरकारी तथा आम सञ्चारका माध्यमबाट विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसका सूचनाहरु सम्प्रेषण हुँदै गर्दा बजारमा कालोबजारी र कार्टेलिङका समस्यामा ह्वात्तै वृद्धि भएको छ । रातारात कृतिम अभाव सिर्जना गरी व्यापारीहरुले दैनिक रुपमा आवश्यक पर्ने खाद्यसामग्री तथा उपभोग्य वस्तुको भाउमा वृद्धि गरेका छन् । एकै दिनमा किलोमा ३० रुपैयाँसम्म वृद्धि गरिएको पाइएको छ । संकटलाई उल्लास बनाउने र अतिरञ्जित लाभ लिने तत्वहरू अहिले हावी भइरहेका छन् तर सरकार भने मूकदर्शक बनिरहेको छ ।

२०७२ असोजमा भारतले गरेको अघोषित नाकाबन्दीका कारण दाल, चामल, खाने तेल, औषधि र इन्धन (खाना पकाउने ग्यास, पेट्रोल, डिजेल) जस्ता वस्तुको मूल्य आकासिएजस्तै अहिले पनि दैनिक उपभोग्य वस्तुको मूल्य आकासिएको छ । मास्क, औषधीमा समेत कृत्रिम अभाव र कालोबजारी बढेको छ । आतंक र त्रासका नाममा आम उपभोक्ता आवश्यकताभन्दा बढी अत्यावश्यक वस्तु खरिद गरी घरमा जम्मा गर्ने प्रवृत्तिले गर्दा पनि कालोबजारी बढेको देखिएको छ । यसले दैनिक ज्यालादारीमा काम गर्ने निम्नवर्गका मजदुर, विद्यार्थी र डेरा गरी बस्नेलाई ठूलो मारमा पारेको छ । यसले जनजीवन अस्तव्यस्त बनाउँदै लगेको छ ।

***अर्थतन्त्रमा गम्भीर समस्या***

कोरोना भाइरसबाट जोगिन मानिसहरु मास्क लगाउने, आवश्यक सामग्रीको जोहो गर्ने, सामाजिक काममा कम निस्किने र व्यावसायिक भेलामा पनि सरिक नहुने, आफ्नो भ्रमणको कार्यक्रम रद्द गर्ने र घरबाटनै काम गर्ने दिशामा अघि बढिरहेका छन् ।

भाइरसको संक्रमण तुलनात्मक रुपमा कम देखिएका मुलुकले पनि यस्तो तयारी सुरु गरिसकेका छन् । यस किसिमको अभ्यासले विश्वभरको मागमा उल्लेख्य कमी आएको छ । आपूर्तिको हिसाबमा अन्तर्राष्ट्रिय उत्पादकहरु अहिले आफ्नो सामग्री कहाँ बेच्ने र कति उत्पादन गर्ने भन्ने सोच्न बाध्य भएका छन् । ब्रेक्जिट र अमेरिका-चीन व्यापार युद्धले एकैपटक विश्वको उत्पादनमूलक क्षेत्रको सञ्जाल प्रभावित बनेको बेला देखिएको कोरोना भाइरस (कोभिड-१९)ले अर्को चुनौती थपिएको छ ।

कोरोनाकै कारण कार्यालयहरुले काम गर्ने शैलीमा परिवर्तन गरेका छन् । उनीहरुले आफ्ना कर्मचारीलाई घरबाटै काम गर्न सुझाइरहेका छन् । यसले आगामी दिनमा काम गर्ने तरिकालाई नयाँ युगमा प्रवेश गराएको केहीको बुझाइ छ । त्यस्तै यात्रामा प्रतिबन्ध लागेपछि शैक्षिक संस्थाहरुले पढाइ बन्द गर्नुभन्दा पनि अनलाइन कक्षाको माध्यमबाट विद्यार्थीहरुलाई पढाउन सुरु गरेका छन् ।

पर्यटन क्षेत्र भने अहिले सबैभन्दा मारमा परेको छ । अहिले भाइरसको आशंकाको कारण लगाइएको प्रतिबन्धको कारण हवाई सेवा प्रदायक, जहाज, होटल लगायतका क्षेत्र समस्यामा परेका छन् । तर पर्यटकहरुले पक्कै पनि अर्को कुनै उपयुक्त समयमा आफ्नो भ्रमण पूरा गर्ने छन् । त्यसको लागि भने यो भाइरसको महामारी सकिनुपर्छ ।

भाइरसले आर्थिक नीतिलाई पनि परिवर्तन गरिदिएको छ । र, नयाँ प्राथमिकतालाई निर्धारण गर्न बाध्य बनाएको छ । विश्वभरका केन्द्रीय बैंकहरु आपतकालीन अवस्थामा देखिएका छन् । यस्तोमा उनीहरु भाइरसले समस्यामा पारेको आर्थिक क्षेत्रलाई उकास्ने विभिन्न योजना निर्माणमा व्यस्त छन् ।

नेपालमा कोरोना भाइरसका कारण सबै विकास निर्माणका योजनाहरु प्रभावित हुन पुगेको छ भने उद्योग र व्यापारमा पनि ह्रास आएको छ । हालै सुनको मूल्यामा आएको उत्तारचढावले पनि नेपालको अर्थबजारको स्थितिलाई आँकलन गर्न सकिन्छ । एकै हप्तामा १५ सयले सुनको मूल्यमा घटबढ भएको छ । भाइरसको प्रभावका कारण अर्थतन्त्रमा गिरावट आउँदा त्यसबाट नेपाली जनजीवन अस्तव्यस्त हुने अर्थविद् हरुले चेतावनी समेत दिइरहेका छन् ।

***विश्वका शीर्ष राजनीतिज्ञहरुमा पनि संक्रमण***

न्यूज एजेन्सीहरुका अनुसार विश्वभर महामारी बनेको कोरोनाभाइरस (कोभिड-१९) को संक्रमणबाट विश्वभरका शीर्ष राजनीतिज्ञहरु पनि प्रभावित बनेका छन् । यो हप्ता धेरैले कोरोनभाइरसको संक्रमण भएको वा नभएको पुष्टि गर्न परीक्षण गरेका छन् भने केहीमा संक्रमण भएको पुष्टि भएको छ ।

अमेरिकामा कोरोना भाइरसको संक्रमण भेटिएका ब्राजिलियन प्रतिनिधिमण्डलसँगको भेटपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्वास्थ्य परीक्षण गर्दा नेगेटिभ भेटिएको छ । मायामीका मेयर फ्रान्सिस सुवारेज कोरोनाभाइरसबाट संक्रमित भएको पुष्टि भएको छ । संक्रमितसँगको भेट पछि ९ जना सांसदहरु सेल्फ क्वारेन्टाइनमा रहेका छन् ।

क्यानाडाका प्रधानमन्त्री जस्टिन टुडेउ पत्नी सोफीलाई कोरोनभाइरसको संक्रमण भएको पुष्टि भएपछि दम्पत्ति नै आइसोलेसनमा रहेका छन् । टुडेउमा संक्रमणको लक्षण भने देखिएको छैन र उनले आइसोलेसनबाटै आफ्नो नियमित काम गर्ने बताएका छन् ।

फ्रान्सका चारजना नेताहरुमा कोरोनाभाइरसको संक्रमण देखिएको छ । जसमा एकजना सांसद र मन्त्री पनि सामेल छन् । स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजकी पत्नीमा कोरोनाभाइरसको संक्रमण देखिएको छ । दुवैको स्वास्थ्य अवस्था स्थिर रहेको र डाक्टरको सल्लाहअनुसार आवश्यक सावधानी अपनाइरहेको बताइएको छ ।

त्यसैगरी ब्राजिलबाट अमेरिकाको भ्रमणमा गएको प्रतिनिधीमण्डलका तीन जना सदस्यहरुमा कोरोनाभाइरसको संक्रमण भेटिएको छ । जसमा एक सेनेटर, राष्ट्रपतिका प्रेस सेक्रेटरी र वासिङ्टनमा रहेका दूत रहेका छन् ।

बेलायतका जुनियर स्वास्थ्य मन्त्री कोरोनाभाइरसबाट संक्रमित छिन् । कोरोनाभाइरसको संक्रमणको पुष्टि हुनअघि उनले प्रधानमन्त्री बोरिस जोन्सनलाई भेटेकी थिइन् । तर, आफूलाई कोरोनभाइरसको लक्षण नदेखिएकाले जोन्सनले यसको परीक्षण नगर्ने बताएका छन् ।

संक्रमितसँगको भेटपछि फिलिपिन्समा राष्ट्रपति रोड्रिगो डुटेर्टेले स्वास्थ्य परीक्षण गर्दा नेगेटिभ भेटिएको छ । इरानमा २९० सदस्यीय संसादमध्ये २३ जनामा कोरोनाभाइरसको संक्रमण भेटिएको छ । जसमध्ये दुई जनाले ज्यान गुमाएका छन् । उपराष्ट्रपतिहरु पनि संक्रमित भएको बताइएको छ । अस्ट्रेलियाका गृहमन्त्री कोरोनाभाइरसबाट संक्रमित बनेका छन् । उनले त्यसको एक हप्ता अघि मात्र अमेरिकी महान्याधिवक्ता विलियम बार, ह्वाइट हाउसकी शीर्ष सल्लाहकार इभङ्का ट्रम्पलगायतलाई भेट गरेका थिए । चीनको एक दिने भ्रमणपछि मंगोलियाका राष्ट्रपति खाल्टमागिन बाटुल्गालगायत अधिकारीहरु दुई हप्ता लामो क्वारान्टाइनमा रहेका छन् । उनीहरुमा भाइरसको संक्रमण भने देखिएको छैन ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# महाराजहरू



● मित्रलाल पंज्ञानी ●

महाराजहरू हुकुमले देश चलाउँछन् । ठूला महाराजले सिङ्गै देश हुकुमले चलाउँछन् भने साना महाराजले कुनै सानो ठाउँ हुकुमले चलाउँछन् । घरका महाराजले घरमै हुकुम चलाउँछन् । यस्सो केही कुरा बोल्ने हो भने 'बडा जान्ने हुँदो रहेछ' भनेर चड्याम्म गालामा हानिदिन्छन् । त्राहिमाम हुन्छन् छोराछोरी । केही सानातिना मागहरू पनि राख्नु हुँदैन । उनका कृपाले जे प्राप्त हुन्छ त्यही लिनुपर्छ । परिवारका कसैसित केही सोधिरहनु जरुरी हुँदैन । यी महाराजले तास खेल्न मन लागे तास खेल्छन् । रक्सी पिउन मन लागे रक्सी पिउँछन् । घर बेच्न मन लागे घर बेचिदिन्छन् । जता जान मन लाग्यो उतैतिर हिड्छन् । अरू जम्मैको स्वतन्त्रता यी महाराजले एक्लै उपभोग गर्छन् । यिनका अर्थ न वर्थका पधुवा कुरामा सबैले सहमति जनाउनु पर्छ ।

महाराजहरूले अरू कसैलाई मान्छे गन्दैनन् । आफूलाई मात्रै गन्छन् । उनलाई हजूर भन्नुपर्छ अरूलाई तँ भन्छन् । अरू कसैलाई बोल्न दिदैनन्, आफू मात्रै बोलिरहन्छन् । उनी घमण्डका पोका हुन् जहाँ गयो त्यहीँ सदैव त्यही पोको खोलिरहन्छन् । आसपासका सबैलाई डसिरहन्छन् पोलिरहन्छन् । उनलाई म कुनै दिन मर्नपर्छ भन्ने होस पनि हुँदैन । जतिसुकै सत्य तथ्य र मार्मिक हुन् अरू कसैका कुराले उनलाई छुँदैन । उनलाई जति छुन्छ केवल आफ्नै भोग विलासको स्वार्थले छुन्छ ।

अमेरिका विश्व महाराज हो । भारत छिमेकी महाराज । नेपालका कहलिएका महाराजहरूका बारेमा सबैलाई थाहै छ । नकहलिएका महाराजका बारेमा अब थाहा हुनुपर्छ । सबै महाराजका बारेमा मैले मात्रै बताइरहेर साध्य पनि छैन । आ-आफ्ना ठाउँमा भएका महाराजहरूलाई आफू आफूले चिन्नुपर्छ ।

महाराजहरू सदैव भागवण्डा गर्ने ठाउँमा बस्छन् । काम जति अरूका भागमा र माम जति आफ्नो भागमा पार्नु उनीहरूको धर्म हो । यसो गर्दैनन् भने ती महाराजै हैनन् । मिलिजुली काम गरेर बाँडिचुँडी खाने सिद्धान्त महाराजहरूको होइन । को महाराज हो र को होइन भन्ने कुरा उसका बोली र व्यवहारबाट थाहा पाउने हो । त्यत्तिकै कोही पनि महाराज हुँदैन ।

लोकलाई माइनस नगरीकन कोही पनि मान्छे महाराज हुन सक्तैन । जब प्रत्येक ठाउँका प्रत्येक मान्छेको मर्मको सुनुवाई हुन्छ, तिनका विचारको सम्मान हुन्छ र तिनले आफ्नो सार्थक अस्तित्वको बोध गर्दछन् तब महाराज कहाँ रहन्छ ? तर अचम्म छ– महाराजहरूले पनि लोकतन्त्र भन्छन् । महाराजको मुखबाट निस्केको लोकतन्त्रको मनोविज्ञानले लोकलाई कीरा फट्याङ्रा ठान्दछ । उनी सदैव विषादिको जोहो गरिरहेका हुन्छन् । महाराजहरू लोकतन्त्रका परमशत्रु हुन् ।

नेपालको लोकतन्त्रमा अहिले नयाँ महाराजहरूले भकुन्डो खेलिरहेका छन् ।

# गणतन्त्रको घाम

● **लीलाराज दाहाल**

विश्व नयाँ सहश्राब्दीमा प्रवेश गरिसकेको छ । म पनि छिप्पिएको जांडले मातिएको जंड्याहा झैं धर्खराउँदै नयाँ सहश्राब्दीमा प्रवेश गरिसकेको छु । मेरो नाम चेतबहादुर । जात दलित । पेशा ढुंगा फुटाउने, भारी बोक्ने यस्तै । शिक्षा सात कक्षा पास । पढ्दा-पढ्दै घर व्यवहारको जाँतोमा पिसिएर बिचैमा पढाइ छोड्न बाध्य भएको एउटा विवश नेपाली । मलाई यो देशले प्रदान गरेको मेरो परिचय, गणतान्त्रिक देशको सार्वभौमसत्ता सम्पन्न पिछडिएको तन्नम नेपाली रैती ।

एक दिन गाउँको चोकमा ठूला मान्छेहरु भेला भएका थिए । अवरुद्ध यात्राका उद्देश्यहीन यात्री जस्तै देखिएका थिए उनीहरु । म पनि उनीहरुको नजिकै थिएँ । मान्छेहरु देख्नलाई साँच्चै ठूला थिएनन् । कोही पुड्का, कोही मझौला भए पनि उनीहरुलाई गाउँका सबैले ठूला मान्छेमान्छन् । अतः म पनि उनीहरुलाई ठूलै मान्छेमान्दै आएको छु ।

यस्ता ठूला मान्छेहरु पहिला पनि हुन्थे, अहिले पनि छन् । यिनीहरुमा अन्तर केही पनि छैन । उनीहरु गाउँका निमुखा, गरीब र असहायहरुलाई परिस्थितिको जालमा पारेर आफ्नो स्वार्थको भकारी भर्दथे । पहिले र अहिले उनीहरुका बिचमा के फरक थियो भने पहिलेका ठूला मान्छेहरुले म जस्ता साना, सोझा सिधा मान्छेहरुलाई नचपाइकन स्वात्तै निल्थे । अहिले भने चपाईचपाई निल्छन् ।

अँ, चपाईचपाई निल्नु प्रजातान्त्रिक तरिका हो भनेर उनीहरु दाबी गर्ने गर्छन् । उनीहरुको विचारमा नचपाईकन निल्नु बढी खतरापूर्ण काम हो । यसरी उनीहरुको स्वार्थको शासन एकछत्र चलिरहेको थियो ।

त्यसो त गाउँको चोकमा भएको उक्त भेला बारे कसैलाई पत्तो थिएन । उनीहरु केही सीमित ठूला मान्छेहरुको बैठक थियो । उनीहरुले गणतान्त्रिक कार्यविधि अपनाएका थिए । गणतन्त्रमा पनि केही सीमित ठुला मान्छेहरुले थाहा पाएपछि अरु सानातिना मान्छेहरुले थाहा पाइरहनु जरुरी पर्दैन भन्ने मान्यताको घोडामा सवार थिए उनीहरु । मैले चाहिं उनीहरु नजिकै पुगेर मौनताको पर्खाल भत्काएँ । मैले भेलाको जानकारी लिन अलि सानू किसिमको ठूलो मान्छेको सहायता लिएको थिएँ । म जस्तै चौथो पटकमा सात कक्षा उत्तीर्ण र उपबुज्रुकको दर्जामा पुग्नपुग्न आँटेको रामेले पनि सोधेको थियो, 'अँस्ति के को बैठक थियो हजुर ?'

रामेको अनि मेरो अनुहारमा जिज्ञासाको दियालो बलेको देखेर सानो किसिमको ठूलो मान्छेअलि पछि हटेको थियो तरठूलो खालकोठूलो मान्छेपछि हटेन । हातमा सन्तुष्टिको छडी नचाउँदै ठूलो मान्छेअट्टहासका साथ हाँस्न थाल्यो । मनको सागरमा उठेको आनन्दको ज्वारभाटालाई शान्त बनाउँदै उसले भन्यो, 'अव फेरि हामीलाई तिमीहरुको आवश्यकता परेको छ । '

'किन फेरि चुनाव आयो र हजुर ?' रामेले एक कदम अगाडि बढेर ठूलामान्छेतिर होइन मतिर हेर्दै सोधेको थियो ।

'तेसो होइन रामे, चुनाव-सुनाव केही आएको छैन । कुरो साधारण छ । सबै कुरा विस्तारै भनी हाल्छौं नि ! ' ठूलो मान्छेले आफ्नो पाइन्टमा लागेको धुलो झार्दै भन्यो र फेरि हाँसोको विमान उडाउन थाल्यो ।

ठूलो मान्छे हाँस्न थालेको देखेर म पनि हाँस्न थालेको थिएँ । म हाँसेको देखेर भाव नबुझी रामे पनि हाँस्न थाल्यो । हामीहरुको हाँसोमा आकाश जमिनको फरक थियो । ठूलो मान्छेको बल्ल बल्ल नेतामा बढुवा भएको निष्क्रिय कार्यकर्ताको दम्भयुक्त हाँसो थियो । अनि रामेको आफूभन्दा बुज्रुक हाँस्दा उसको आनन्दको लागि हाँसिदिने हजुरियाको जस्तो हाँसो थियो । रामे र मलाई बाध्यताको हुरीले उडाएर यस्तो अवस्थामा ल्याइपुऱ्याएको थियो ।

ठूलो मान्छेको हाँसोको बाढी घटिसकेको थियो । ऊ त्यहाँबाट दलबल सहित गैसकेको थियो । मैले ऊ प..र पुगुन्जेल हेरें । किन किन मैले यतिखेर ठूलो मान्छेको सानु व्यक्तित्व देखिरहेको थिएँ ।

अघिल्लो दिनको ठूला मान्छेहरुको बैठकको कुरा गाउँका सबैले बुझे । नबुझे पनि जबर्जस्ती बुझाइए । बाटोमा ढुंगा, गिट्टी ,बालुवा थुपारेर बाटो जिर्णोद्धार गर्नु थियो । त्यसो त बाटो ठिकै थियो । बाटोको कुनै खराबी , सिकायत थिएन । गाउँभरिका सबै घरधुरीलाई कडा उर्दी जारी भएको थियो । सबै मिलेर श्रमदान गर्नु थियो । प्रत्येक घरबाट एकएक जना मानिस अनिवार्य रुपमा उपस्थित हुनु पर्ने नियम ठूला मान्छेहरुले बनाएका थिए ।

गाउँका साना मान्छेहरु बस्ने पल्लो टोलमा बाटो पुगेको थिएन । पिउने पानीको समस्या समाधान भएको थिएन अर्थात् साना मानिस बस्ने टोलमा केही थिएन । अनि ठूला मान्छेको टोलमा सबै कुरा थियो । पानीका धारा थिए । बाटो थियो । स्कुल थियो अर्थात् ठूला मान्छेबस्ने टोलमा सबै कुरा थियो । कहिलेकाहिं ठूला मान्छेहरु ठट्टाको कुर्सीमा बसेर भन्ने गर्थे, ' विकासले विकास तान्छ । विकास भएकै ठाउँमा गर्नु पर्छ विकास । विकास नै नभएको ठाउँमा किन चाहियो विकास ?'

ठूला मान्छेहरुको विचारमा साना मान्छेहरु बस्ने टोलमा विकास जरुरी थिएन । केन्द्रबाट आउने विकास बजेटठूला मान्छेहरुको लागि मात्रै हो भन्ने भ्रमको महलमा उनीहरु हुर्कंदै आएका थिए । उनीहरुको कुरा सुनिसकेपछि एउटा उपबुज्रुक करायो । उसले आक्रोशको तरवार चलाउँदै भन्यो, ' बाटो त ठिकै छ । के गर्नु पऱ्यो फेरि ? कति दिन दिनु श्रमदान पनि ? फेरि एउटा टोलमा सधैं हामीले नै खटिनु पर्ने ? आफ्नो गाउँमा खट्न पाए पनि एउटा कुरा !'

अब भने मलाई पनि अलिअलि बल मिलेको थियो । पीडाको भारी बिसाउँदै मैले पनि भनें, ' हामी जस्ता सम्पत्ति नभएका गरिब जनताले सधैंभरि श्रमदान गरेर के खाने, के लाउने ? आफ्ना लालावालालाई के खुवाउने ? यही हो गणतन्त्र भनेको ?'

त्यतिखेर म यस्तो जोडले बोलेंछु कि उनीहरुले त मलाई गरिब दुखीको नेतै पो सम्झेछन् । उनीहरुको मनको तलाउमा त्रासको लहर उर्लन थालेको थियो । हैकमको पर्खाल ढल्ने भयले उनीहरु आक्रान्त थिए । त्यसैले उनीहरु भित्रभित्रै विभिन्न षड्यन्त्रका जाल बुन्न थालेका थिए । पछि उनीहरुले मलाई बोलाउन दुई जना लठैतहरु पठाएका थिए तर म उनीहरुले बोलाएको ठाउँमा गइन । त्यसको भोलिपल्टदेखि उनीहरुले मलाई धम्कीको लौराले प्रहार गर्न थालेका थिए ।

उनीहरुले रामेलाई पनि प्रलोभनको डोरीले बाँधेर आफ्नो समूहमा प्रवेश गराइसकेका थिए । रामले स्वार्थको डोको बोकेर मेरो साथ छोडेपछि म नितान्त एक्लो भएँ । अरु साना मान्छेहरुलाई सम्झाउनु सामान्य कुरा थिएन । उनीहरु मृत चेतनाको ओछ्यानमा मस्त निदाइ रहेका थिए । उनीहरुलाई सम्झाउनु भन्दा त पहाड फोडेरसमतल बनाउनु सजिलो थियो । त्यसैले त यस गाउँमा सदियौंदेखि ठूला मान्छेहरुले एकछत्र शासन गर्दै आएका थिए ।

मलाई अब ठूला मान्छेहरुले पटक पटक धम्क्याउन थालेका थिए । उनीहरुको समर्थनमा उभिएर दासताको झन्डा उचालेदेखि गाउँमा बस्न दिने नत्र ...उनीहरुले मलाई पठाएको धम्कीको संदेश यही थियो । दलालीको पंखा हम्कदै रामे ठूला मान्छेहरुको पछि लागेपछि उनीहरुको लागि बाँकी खतरा म मात्रै थिएँ ।

देश गणतन्त्रमय भएको निकै वर्ष भैसके पनि म जस्ताले अमनचैन पाउनु आकाशको फल जस्तै भैरहेको थियो । अझसम्म म जस्ता साना मान्छेहरु उनै ठूला मान्छेहरुको पैतालामुनि थियौं । जुनसुकै सरकार आए पनि उनीहरुको धन्दामा कुनै छेकबार थिएन । जुनसुकै पार्टी सत्तामा पुगे पनि गाउँमा खासै फरक थिएन । म जस्ताको जीवन पद्धति एकै थियो । म जस्ता मान्छेहरु बकाइदा सार्वभौमसत्ता सम्पन्न भएका छौं तर हाम्रा मौलिक हकहरु उनै ठूला मान्छेहरुको दया मायामा निहित छन् ।

त्यसो त चुनाव अघि केन्द्रका ठूला मान्छेहरु कुशल र सुनौला योजना लिएर गाउँघरसम्म आई पुग्थे । विकासको फल सर्वप्रथम निम्न वर्गका जनतालाई खुवाउने कुरा गर्थे । बडा शिष्ट, नम्र भएर भोट माग्थे । बेरोजगारी र गरिबी हटाएर समुन्नत समाज निर्माण गरी देश विकाश गर्छौं भनेर कसम खान्थे अनि एकपटक हामीलाई सत्तामा पुऱ्याएर हेर्नोस् भन्थे । अनि सबै जनतालाई आश्वासनको चेक बाँडेरठूला मान्छेहरु चुनाव जिती राजधानी फर्कन्थे तर चुनावपछि फेरि गाउँ जस्ताको तेस्तै रहन्थ्यो ।

अन्ततः ठूला मान्छेहरुको गाउँको बाटो जिर्णोद्धार भयो । साना मान्छेहरु ज्यान माया मारेर श्रमदान गरी भोकको तापले बाफिएर घरतिर फर्के । अनि उही अभावको गाँस निलेर निद्राको अंगालोमा गुटमुटिएर उन्नत समाजको सपना देख्न थाले ।

पछि त ठूला मान्छेहरुले बाटो निर्माण गर्न पाँच सय जना कामदार लागेको कागज बनाए । भरपाई कागज अनुसार श्रमिकहरुले दैनिक सात सय रुपैंयाका दरले ज्याला पाए । बिचरा गाउँलेहरुले आफुले दिनको सात सय ज्याला पाएको थाहै पाएनन् । कागजी ब्यवहार थियो । भरपाईमा सहीछाप ठूला मान्छेहरुले नै गरिदिएका थिए । गाउँ पालिकाको यस वर्षको विकास बजेट पनि बाँकी रहेन ।

उनीहरु अर्को आर्थिक बर्षको बजेट खर्च तथा योजना तर्जुमा गर्न फेरि जुटिसकेका थिए । म भने आफु सार्वभौमसत्ता सम्पन्न भएको र गणतन्त्रको घाम लागेकोमा खुशीले गद्‌गद् भएको थिएँ । अनि मेरो गाउँमा रहेको अन्यायको झार उखेल्नका लागि गाउँलेहरुलाई उत्साहित बनाउंदै थिएँ ।

मैले गाउँलेहरुलाई जगाउन जागृतिको शंख जति बजाए पनि उनीहरु अझै ब्युँझिसकेका छैनन् । तैपनि मैले हार खाइसकेको छैन ।

एकदिन पक्कै साना मान्छेको झुपडीमा पनि खुशीको दियालो बल्नेछ । त्यो दिन अब धेरै टाढा छैन ।

*बागमती ११, कर्मैया, सर्लाही*

*हाल : काठमाडौं ।*

## क्रान्तिकारी...

छ । इच्छुक साँस्कृतिक प्रतिष्ठानमा एक विशेष कार्यक्रम गरी साँस्कृतिक प्रतिरोध दिवस मनाउने तयारी गरेको हो । कार्यक्रममा पार्टी महासचिव मोहन वैद्य किरण लगायत पार्टी, देजमो तथा जबस मोर्चाका नेता कार्यकर्ताहरुको उपस्थिति रहने बताइएको छ ।

२०५५ साल चैत ५ गते तत्कालीन अखिल नेपाल जनसांस्कृतिक सङ्घका केन्द्रीय सदस्य च्याङ्बा लामासहित ७ जना कलाकारहरूले शहादत प्राप्त गरेको दिनको सम्झनामा प्रत्येक वर्ष क्रान्तिकारी माओवादीले साँस्कृतिक प्रतिरोध दिवस मनाउँदै आएको छ ।

२०५५ चैत ५ गते काभ्रेको अनेकोटमा राती घरमा सेल्टर लिएर बसिरहेको अवस्थामा सात जना कलाकारहरुलाई घेरा हाली हत्या गरिएको थियो । सो क्रममा माओवादी सांस्कृतिककर्मीहरु च्याङबा लामा, गुम्बा सिंह तामाङ, निर्मला देवकोटा, सुभद्रा सापकोटा, मञ्जु कुँवर, चिनीमाया लामा र डम्बर श्रेष्ठको हत्या गरिएको थियो ।

## अखिल...

न्यौपाने बुधबार साँझ रिहा भएका छन् । झुठा मुद्दा लगाइएका उनीहरुलाई बुधबार जिल्ला अदालत काठमाडौंले दश दश हजार धरौटीमा रिहा गरेको हो । महानगरीय प्रहरी वृत महाराजगंज चक्रपथले जबर्जस्ती चन्दा ऐन लगाएर अदालतमा दायर गरेको मुद्दामा बुधबार भएको थुनछेक बहसमा न्यायधिश कमलप्रसाद पोखरेलले विद्यार्थी नेताहरुलाई धरौटीमा रिहा गर्न आदेश दिएको थियो । उनीहरुलाई अदालतले तोके बमोजिम धरौटी लिएर बुधबार साँझ रिहा गरिएको अधिवक्ता फडिन्द्र कार्कीले जानकारी दिए ।

बरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्की, अधिवक्ताहरु फडिन्द्र कार्की, देवकुमार मोक्तान, पेमा लामा लगायतले मुद्दाको विपक्षमा बहस गरेका थिए ।

रिहा भएपछि विद्यार्थी नेताहरुलाई क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य सीपी गजुरेल, पीवीएम दसनेश शर्मा, पीवीएम सुरेश श्रेष्ठ, केस तथा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका अध्यक्ष इश्वर तिमिल्सिना, केस गाविन्द पौडेल, अखिल क्रान्तिकारीका महासचिव पेशल दाहाल लगायतका नेताहरुले भव्य स्वागत गरेका थिए ।

विद्यार्थी नेताहरु गजुरेल र न्यौपानेलाई संगठनको कामको सिलसिलामा गएको बेला बुढानिलकण्ठको यूरो किड्सबाट गिरफ्तार गरिएको थियो । प्रहरीले झुठा मुद्दा लगाएर विद्यार्थी नेताहरुलाई फसाउन खोजेको भन्दै संगठनले विनाशर्त रिहाईको माग गर्दै विभिन्न दबाबमूलक संघर्षका कार्यक्रम सञ्चालन गर्दै आएको थियो । रिहाईको लागि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेल, अखिल (क्रान्तिकारी) सहित चार विद्यार्थी संगठनले पनि वक्तव्य निकालेर रिहाईको माग गरेका थिए ।

## सुकुम्बासीहरु...

जोखिम बढिरहेको स्थितिलाई मध्येनजर गर्दै राजनीतिक पार्टीहरु लगायतले सार्वजनिक कार्यक्रमहरु स्थगित गरिरहेको अवस्थामा सुकुम्बासीहरु भने सरकारले डोजर लगाएर सुकुम्बासी बस्तीबाट उठिबास लगाउन थालेको भन्दै सरकारको दमनका विरुद्ध आन्दोलित बनेका छन् । झापा, मोरङ, रौतहट, मकवानपुर, काठमाडौं लगायतका जिल्लाको विभिन्न ठाउँमा बसोबास गर्दै आएका सुकुम्बासी बस्तीहरुमा वैकल्पिक व्यवस्था विनै डोजर लगाएर बर्षौदेखि बस्दै आएको थातथलोबाट बेदखल गरेको भन्दै उनीहरु आन्दोलित बनेका हुन् ।

लालपुर्जा दिन्छु भनेर सुकुम्बासीको भोट लिएर जितेर सत्ता सञ्चालनमा पुगेका मन्त्रीहरु आफैले डोजर लिएर सुकुम्बासीहरुका घर टहरा भत्काउन थालेको भन्दै सुकुम्बासीहरुले संगठित रुपमा आन्दोलन अगाडि बढाउने तयारी थालेका छन् । आन्दोलनको आधार तयार पार्ने उद्देश्यका साथ उनीहरुले विभिन्न राजनीतिक पार्टी निकट नौं वटा घटक संगठनहरुले 'संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा, नेपाल' गठन गरी पहिलो चरणमा देशव्यापी जनजागरण अभियान सुरु गरेका छन् । उनीहरुले सुकुम्बासी बस्ती बस्तीमा यो अभियान सञ्चालन गरिरहेका छन् ।

सोही अभियान अन्तर्गत संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चा, नेपालको आयोजनामा बुधबार बल्खु र बंशीघाटमा र बिहीबार थापाथली र शंखमूलमा जनजागरण अभियानको कार्यक्रम सम्पन्न गरिएको छ ।

बिहीबार शंखमूलमा आयोजना गरिएको कार्यक्रममा वक्ताहरुले कि सम्पूर्ण भूमि राष्ट्रियकरण गरिनु पर्ने कि सुकुम्बासीहरुलाई लालपुर्जा दिनुपर्ने विचार जोडदार रुपमा प्रस्तुत गरेका छन् । वर्तमान ओली सरकारले ल्याएको भूमि विधेयकले सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने भनिए पनि भूमाफियालाई पोसेर सुकुम्बासीहरुलाई बेदखल गर्ने खोटहरु रहेकोले सुकुम्बासीको स्पष्ट परिभाषासहित सुकुम्बासीलाई लालपुर्जा दिने ठोस व्यवस्था गर्ने गरी विधेयकको नवौं संशोधन गरिनुपर्ने विषय जोडदार रुपमा उठाएका छन् ।

लालपुर्जा पाइने आशमा देशैभरगरी ७० लाखको संख्यामा रहेका सुकुम्बासीहरु कहिले कांग्रेसको पछि, कहिले एमाले त कहिले माओवादीको पछि लागेपनि उनीहरु सत्तामा पुगेपछि सुकुम्बासीहरुसँग गरेका बाचा खोला तऱ्यो लौरो बिर्स्यो भनेझै बिर्सिएको गुनासो गरे ।

संयुक्त राष्ट्रिय सुकुम्बासी मोर्चाका अध्यक्ष कुमार कार्कीले भने, "सामन्त, दलाल र भूमाफियाका विरुद्ध बलिदानीपूर्वक संघर्ष गर्नुपर्ने बेला आएको छ । लालपुर्जा नपाएसम्म सुकुम्बासीहरुले घरघरबाट आन्दोलनको आँधिबेहरी उठाउनु पर्दछ । त्यसका लागि तपाईहरु सबै तयार भएर बस्नोस् । नलडी अधिकार पाइन्न ।

कार्यक्रमका प्रमुख अतिथि रहेका कार्कीले जनजागरण अभियानलाई देशव्यापी रुपमा लैजाने बताए । मोर्चाका उपाध्यक्ष तथा नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल नेपाल क्रान्तिकारी सुकुम्बासी संघका नेता पवनमान गुरुङले अधिकारका निम्ति सबै सुकुम्बासी संघ संस्थाहरु एकजुट भएर अगाडि बढेको बताउँदै अधिकारका लागि सबै सुकुम्बासी बस्तीका जनताहरु जागरुक हुनुपर्ने र मोर्चाको नेतृत्वमा हुने आन्दोलनमा सक्रियतापूर्वक भाग लिनुपर्ने बताए । कार्यक्रममा स्वागत मन्तव्य राख्दै नेता गुरुङले संघर्षबाट मात्रै सुकुम्बासीहरुले भूमिमाथिको अधिकार स्थापित गर्न सक्ने कुरा राखे ।

कार्यक्रममा अतिथिको रुपमा कुरा राख्दै नेपाल राष्ट्रिय सुकुम्बासी पार्टीका अध्यक्ष हुकुमबहादुर लामाले तीसको दशकदेखि लालपुर्जाको लागि लड्दै आएको बताउँदै सुकुम्बासीले लालपुर्जा नपाए राणा, राजा फालेका जनताले यो सरकार पनि फाल्ने चेतावनी दिए ।

अतिथिकै रुपमा सत्तारुढ नेकपा निकट अखिल नेपाल सुकुम्बासी संघका अध्यक्ष अमर परियारले सामन्तवाद र भूमाफियाका विरुद्ध बलिदानीपूर्वक लड्ने आँट, साहस देखाउनु पर्छ, संघर्षबाहेक सुकुम्बासीसँग लालपुर्जा प्राप्त गर्ने अन्य कुनै विकल्प नरहेको कुरामा जोड दिए ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेस निकट नेपाल सुकुम्बासी संघका अध्यक्ष पदम सिजापतिले पनि सुकुम्बासीहरु एकजुट भएर आन्दोलित हुनुपर्नेमा जोड दिएका थिए । मोर्चाका महासचिव तथा संघीय समाजवादी पार्टी निकट सुकुम्बासी संगठनका अध्यक्ष दिपकजंग कुँवरले कार्यक्रम सञ्चालन गर्दै विगतबाट पाठ सिक्दै मोर्चालाई थप सुदृढ पार्दै आन्दोलनलाई सशक्त पार्नुपर्ने बताउँदै सुकुम्बासी विरोधी भूमि विधेयकका दफाहरु बाचन गरेर सुनाएका थिए । उनले जोखिमयुक्त सुकुम्बासी बस्तीलाई सोही वडामा वैकल्पिक व्यवस्था गरी हटाउने, जोखिममुक्त बस्तीहरुलाई घर टहरा भएकै जग्गाको लालपुर्जा उपलब्ध गराउने, जोखिममुक्त बस्तीहरुलाई कुनै पनि बहानामा हटाउन नपाउने, जोखिमयुक्त बस्तीहरुलाई वैकल्पिक व्यवस्था गरेर मात्र हटाउने लगायतका चारबुँदे माग राखेर आन्दोलन थालिएको बताए ।

कार्यक्रममा जनप्रतिनिधि कामनपा १० की वडा सदस्य सुनिता भित्रकोटी, बुद्धमार्ग टोल विकास समितिका सल्लाहकार लालबहादुर कार्की, मोर्चाका सचिव धनेश्वर लिम्बू लगायतले अभियान सफलताको शुभकामना दिएका थिए । कार्यक्रममा नेपाल बसोबास एकता समाजका महासचिव राजु मोक्तान लगायत सुकुम्बासी संघ संगठनका नेताहरुको उपस्थिति रहेको थियो । मोर्चाले शुक्रबार तीनकुने स्थित गैरीगाउँमा जनजागरण अभियान सञ्चालन गर्ने जनाएको छ ।

## कम्युनिस्ट...

विकास गर्ने पनि गर्नु भयो । उहाँले निम्न लिखित केही निस्चित गलत बुझाई जो अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनमा र केही हदसम्म स्तालिनको नेतृत्वमा सोभियत संघको कम्युनिष्ट पार्टी भित्र पनि हुर्किएका थिए, त्यसलाई सच्याउन पनि कोशिस गर्नु भयो ।

माओले यी सुधार गरिनु पर्ने र विकास गरिनु पर्ने अवधारणहरुमा प्रथम जनवादी केन्द्रीयता सम्वन्धी अवधारणा, दोस्रो पार्टीभित्र चल्ने दुई-लाइन सङ्घर्ष र तेस्रो मास लाइन थिए ।

जनवादी केन्द्रीयता सम्वन्धी अवधारणा एउटा महत्वपूण थियो, जसको सुधार गरिनु पर्ने र विकास गरिनु पर्ने आवश्यकता थियो । माओले पार्टीभित्रको साम्प्रदायिकता र नोकरशाही भड्कावहरूलाई सच्याउनका लागि गरिएका प्रयासहरुका वारेमा उहाँको अति महत्वपूर्ण जनवादी केन्द्रीयता सम्वन्धी कृतिमा वर्णन गरेको पाइन्छ । माओको जनवादी केन्द्रीयताको बुझाई स्प्टतापुर्वक 'पहिलो जनवाद, अनि केन्द्रीयता' हो । उहाँले यसलाई धेरै तरिकाले वर्णन गरेको पाइन्छ र उहाँले भन्नु भएको छ-'यदि त्यहाँ जनवाद छैन् भने त्यहाँ कुनै केन्दीयता हुन सक्दैन् ,' 'केन्द्रीयता भनेको जनवादको जगमाथि बनाइएको केन्द्रीयता हो । फराकिलो जनवादी आधार सहीतको सर्वहारा केन्द्रीयता ।' माओको यो विचार उहाँको यो बुझाइमा आधारित थियो कि केन्दीयताको अर्थ सवभन्दा पहिलो सही विचारहरूको केन्द्रीकरण हो । यसलाई लिनका लागि सबै कमरेडहरूका निम्ति उनीहरूका विचारहरू र व्यक्त धारणाहरू र यसलाई उनीहरू भित्र विर्को लगाएर नराख्न आवश्यक थियो । यो त्यसवेला मात्रै सम्भव हुन सक्थ्यो जब त्यहाँ पूर्ण सम्भावित जनवाद थियो जहाँ कमरेडहरूले तिनीहरू के भन्न चाहन्छन् भन्ने वर्णन गर्न स्वतन्त्र हुने छन् र उनीहरूका रिसलाई समेत थुक्न सक्ने छन् । त्यसकारण जनवाद विना अनुभव संश्लेषण गर्न असम्भव हुने छ । जनवाद विना, जनसमूहहरूबाट विचारहरू नआइकन, असल लाइनहरू, सिद्धान्तहरू, नीतिहरू अथवा तरिकाहरू निर्माण गर्न असम्भव छ । जे भएता पनि सही विचारहरूको केन्द्रीकरणको आधारमा सर्वहारा जनवादमा बुझाइमा एकता, नीतिमा एकता, योजना,कमाण्ड र कार्यमा एकता प्राप्त गर्न सम्भव छ ।

माओले जनवादी केन्द्रीयताको बुझाई केवल पार्टी कार्यमा मात्रै सिमित गरेको पाइदैन् । उहाँले यो बुझाइलाई समाजवादी अर्थतन्त्रको निर्माण गर्न र सर्वहारा राज्य सञ्चालनको प्रश्नसँग चौतर्फि विस्तार गरेको पाइन्छ । माओले महशुस गर्नु भएको थियो कि जनवादी केन्द्रीयता विना, सर्वहाराको अधिनायकत्वलाई एकतावद्ध गर्न सकिने छैन् । जनताका लागि व्यापक जनवादविना, सर्वहाराको अधिनायकत्वका लागि एकत्रित गर्न अथवा राजनीतिक शक्ति स्थिर हुनका लागि असम्भव थियो । जनवाद वीना, जनसमूहको उठान वीना र जनसमूहको सुपर भिजन वीना, प्रतिक्रयावादीहरू र खराब तत्वहरूमथि प्रभावकारी अधिनायकत्व अभ्यास गर्न र तिनीहरूलाई प्रभावकारी रूपले नयाँ रूप दिनका लागि असम्भव हुने थियो । माओले यी अवलोकनहरू सोभियत संघमा नवसंशोधनवादको उदयपछि निर्माणगर्दै हुनुहुन्थ्यो र देख्नु भएको थियो कि जनसमूहलाई सर्वहारावर्गको अधिनायकत्वको अभ्यास गर्नका लागि परिचालन गरिएको थिएन् । उहाँले चीनीयाँ कम्युनिष्ट पार्टीको उच्च तहहरूमा संशोधनवादी प्रवृतिहरूको उदय भएको पनि देख्नु भयो र मान्यता गर्नु भयो कि यस्ता प्रवृतिहरूबाट एकमात्र सुरक्षा गर्ने भनेको जनसमूह र तल्लो तहका क्याडरहरूको पहल र सतर्कता नै थियो ।

यसरी १९६२को जनवरीमा माओले भन्नु भएको थियो, " जवसम्म हामीले जनताको जनवाद र अन्तर-पार्टी जनवादलाई पूर्णरूपले प्रवर्द्धन गर्दैनौ र जवसम्म हामीले सर्वहारा जनवादको पूर्ण कार्यान्वयन गरिदैन्, चीनका लागि साँचो सर्वहारा जनवाद हुन असम्भव हुनेछ । जनवादको उच्चता विना केन्द्रीयताको उच्चता असम्भव छ र केन्द्रीयताको उच्चता वीना समाजवादी अर्थतन्त्र स्थापना असम्भव छ । र यदि हामी समाजवादी अर्थतन्त्र स्थापना गर्न असफल हुन्छौ भने हाम्रो देशको लागि के हुने छ ? यो एउटा संशोधनवादी राज्यमा परिवर्तन हुने छ, वास्तवमा एउटा नयाँ पुँजीवादी राज्य, र सर्वहाराको अधिनायकत्व पुँजीपतिको अधिनायकत्व र त्यसमा एउटा प्रतिक्रियावादी, फासिष्ट अधिनायकत्वमा परिवर्तन हुने छ । यो एउटा प्रश्न हो, जुन धेरै मात्रामा हाम्रो सचेतता प्रमाणित गर्दछ, म आशा गर्दछु हाम्रा कमरेडहरूले यसलाई एउटा असल सोंचको कार्यक्रम दिने छन् ।"

माओको अर्को महत्वपुर्ण पक्ष हो पार्टीभित्र चल्ने दुई-लाइन सङ्घर्ष । दुई-लाइन सङ्घर्ष पार्टी सङ्गठनात्मक सिद्धान्तहरूको सन्दर्भमा, जसलाई माओले मार्क्सवादी बुझाई र सिद्धान्तको विकास गर्नु भयो, त्यसको अर्को पक्ष थियो । माओको पद्धति, जो द्वन्द्धात्मक भौतिकवादमा आधारित छ, समाजमा विद्यमान वर्गहरूको परावर्तनको रूपमा कम्युनिष्ट पार्टीभित्र वेठिक मतहरूलाई हेर्नु थियो । यसरी जुन लामो समयसम्म समाजमा वर्गसङ्घर्ष निरन्तर भइरहन्छ, पार्टीभित्र विचारधारात्मक सङ्घर्षमा यसको परावर्तन अनिवार्य छ । उहाँको यो पद्धति यी अन्तरविरोधहरूतर्फ पनि फरक थिए । उहाँले तिनीहरूलाई सुरूमा प्रतिद्धन्दीता विहिन अन्तरविरोधहरूका रूपमा देख्नु भयो, र भन्नु भयो कि जसबाट "गम्भीर सङ्घर्ष" हामीले सुधार गर्नु कोशिस गर्नु पर्छ । सुधारका लागि हामीले प्रशस्त अवसर दिनु पर्छ र तवमात्र मानिसले गर्ने गल्तीहरू 'दृढ रहेर' अथवा 'तिनीहरूलाई क्रोधित पारेर ', तव अन्तरविरोधहरूको प्रतिरोध हुने सम्भावना थियो ।

यो स्तालिनको बुझाइको एउटा सच्याई थियो,जसलाई स्तालिनले लेनिनवादका आधारहरू( ँयगलमबतष्यलक या ीभलष्लक्ष)मा प्रस्तुत गर्नु भएको थियो । स्तालिन अन्तर-पार्टी सङ्घर्ष मार्फत गलत प्रवृतिहरूलाई सुधार गर्ने कुनै पनि प्रयासको विरूद्ध गएको पाइन्छ । स्तालिनले यस्तो प्रयासलाई "पार्टीभित्र विचारधारात्मक सङ्घर्षद्धारा अवसरवादी तत्वहरूलाई 'परास्त गर्ने'एउटा सिद्धान्तका रूप भनेको पाइन्छ, जो स्तालिनका अनुसार "एउटा कुहिएको र खतरनाक सिद्धान्त थियो, जसले पार्टीलाई पक्षघात गराउन र दृघकालिक रुपले कमजोर बनाउन मद्त गर्छ ।" यस्तो प्रस्तुतिले एउटा सम्भावनालाई स्विकार गर्न इन्कार गऱ्यो र अवसरवादका विरूद्धको सङ्घर्षलाई सुरूदेखि नै प्रतिद्धन्दी विहिन अन्तरविरोधका रूपमा व्यवहार गऱ्यो । यही ऐतिहासिक अनुभवबाट पाठ सिक्दै, माओले निम्न पद्धतिमा अन्तर पार्टी सङ्घर्षका तरिकाहरू प्रस्तुत गर्नु भयो, जसलाई उहाँले यसरी सुत्रवद्ध गर्नु भएको छ-"पार्टीका सबै नेतृत्वदायी सदस्यहरूले अन्तरपार्टी जनवादलाई प्रवर्द्धन गर्ने पर्दछ र जनतालाई खुलेर बोल्न दिनु पर्छ । सिमाहरू के हुन् ? पहिलो पार्टी अनुशासन पालना गरिनु पर्छ, अल्पमत बहुमतको मातहतमा र समस्त सदस्य केन्द्रीय समिति प्रति । अर्को सिमा भनेको गोप्य फयाक्सन संगठित गर्न पाइने छैन् । हामिहरूलाई खुला विरोधीहरूको डर छैन् , हामीहरू गोप्य विरोधीहरूको मात्रै डर मान्छौ । यस्ता मानिसहरू तिमीसँग सत्य बोल्दैनन्, तिनीहरूले जे भन्दछन् झुट र फरेव मात्रै भन्दछन् । तिनीहरू उनीहरूको वास्तविक मनोभाव प्रस्तुत गर्दैनन् । जहाँसम्म एउटा मानिसले नियम उलङघन गर्दैन् र गोप्य फयाक्सनल कृयाकलापमा संलग्न हुदैन् , हामीले उसलाई बोल्न छुट दिनु पर्छ र यदि उसले गलत चीज भनेता पनि उसलाई दण्ड दिइनु हुदैन् । यदि मानिसले गलत चीज भन्दछ, उनीहरूलाई आलोचना गर्न सकिन्छ, तर उनीहरूलाई हामीले कारण सहित सम्झाउनु पर्छ । यदि उनीहरू अझै पनि सम्झदैनन् भने के गर्ने ?

जवसम्म तिनीहरू प्रस्तावहरूद्धारा वाँधिएका हुन्छन् र बहुमतले लिएका निर्णयहरूमा अल्पमतले आफ्नो मतलाई कायमै राख्दै कार्यान्वयनमा दिलो ज्यानले लाग्दछन्, तिनीहरू पार्टीभित्रकै क्रान्तिकारी कमरेडहरू हुन् । माओको यो बुझाई आफैमा यति स्पष्ट थियो कि जवसम्म समाजमा वर्ग सङ्घर्षको अस्तित्व रहिरहन्छ, त्यसवेलासम्म पार्टीमा त्यसको प्रतिविम्व माओको शब्दमा वर्ग सङ्घर्ष नै चलिरहन्छ जसलाई उहाँले पार्टीभित्र चल्ने दुई लाइन सङ्घर्ष भन्नु भएको छ । त्यसकारण यो खालको सङ्घर्षलाई सञ्चालन गर्ने विधि भनेको जनवादी केन्द्रीयता अनुसारमा खुल्ला लडाई गरिनु पर्दछ । यसरी माओको, दुई लाइन सङ्घर्षको अवधारणाको उहाँको बुझाई र कार्यान्वयनमार्फत वर्गहरू, वर्ग सङ्घष र अन्तरपार्टी सङ्घषलाई एउटा सही द्धन्दात्मक पद्धतिमा ल्याउने प्रयास थियो ।

मार्क्सवादमा माओको अर्को विकास भनेको उहाँले विकास गरेको मास लाइन हो । पार्टीको मार्क्सवाद लेनिनवाद सम्वन्धी आधारभूत बुझाइबाट सुरू गर्दै जनसमूहसंग सम्भावित धेरै नजिकको सम्वन्ध कायम राख्दै, माओले एउटा गुणात्मक नयाँ स्तरलाई मास लाइनको अवधारणामा विकास गरेको पाइन्छ । दर्शनको स्तरमा उहाँले देखाउनु भएको थियो कि कसरी ज्ञानको मार्क्सवादी सिद्धान्तको एउटा अति आवश्यक पक्ष थियो र त्यसैगरी कसरी यो अन्तरपार्टी सम्वन्धहरूको अति आवश्यक संगठनात्मक लाइन पनि थियो ।

माओले वर्णन गर्नु भएको छ कि पार्टीको व्यवहारिक काममा सबै सही नेतृत्वले अति आवश्यकतापूर्वक जनसमूहसंग बाट लिएर जनसमूहलाई नै दिने नीति अपनाउन पर्दछ । यसको अर्थः जनसमूह(मासेज)का विचारहरू लिनुस, यद्धपि ती छरिएका र शिलशिलेवद्ध हुदैनन् र तीनमा केन्द्रीत हुनुस अध्यनमार्फत तिनलाई केन्द्रीकृत र शिलशिलावद्ध विचारमा वदल्नुस, अनि जनतामा जानुस र प्रचारप्रसार र व्याख्या गर्नुस जवसम्म जनताले त्यसलाई आफ्नो विचारका रूपमा ग्रहण गर्दैनन्, तिनीहरूलाई बलियो गरी मुठ्ठिमा राख्नुस र तिनलाई कार्यमा रूपान्तरण गर्नुस, र यस्ता कार्यमा ती विचारहरूको ठिक वेठिक जाँच परख गर्नुस । अनि फेरी एक पटक जनताबाट आउने विचारहरू केन्द्रीत गर्नुस र फेरी एक पटक जनतामा जानुस ताकि विचारहरूलाई अगाडि लैजादा सुरक्षित गरिन्छन् । र फेरी फेरी अन्त्यहिन स्पाइरल(बलयाकार मार्ग), विचारहरू ज्यादा सही हुँदै, प्रत्येक पटक ज्यादा महत्वपूर्ण सम्पन्न विाारमा विकास हुने,यहि नै ज्ञान सम्वन्धी मार्क्सवादी सिद्धान्त हो ।

'जनताबाट, जनतालाई'भन्ने सिद्धान्त व्यवहारमा ल्याउनका लागि माओले वर्णन गर्नु भएको छ कि सङघर्षमा अथवा एउटा संगठनमा जनता,कार्यकर्ता र नेतृत्वगरिरहेको समूहबीचमा सही सम्वन्ध भएको हुनुपर्दछ । यो आवश्यक छ कि पार्टीले नेतृत्वको न्यूल्यिस निर्माण गर्न कार्यकर्ताहरूलाई एक ठाउँमा ल्याउछ र नेतृत्वको यो न्यूल्यिसलाई जनतासँग लगेर नजिक बनाइदिन्छ । यदि यसो गरिएन भने पार्टी नेतृत्व व्युरोक्रेटिक बन्ने र जनताबाट सम्वन्ध विच्छेद भएर जाने हुन्छ । यो पनि आवश्यक छ कि नेतृत्व केबल सामान्य आव्हानहरू गरेर विषय सूँचीमा रहन सक्दैन् । जनरल आव्हानहरू यदि ती सही तरिकाले कार्यान्वयन गरिने हो भने निश्चित र ठोस मार्गदर्शनद्धारा अनुशरण गरिनु पर्दछ । "जनताका विचारहरू लिने र तिनमा केन्द्रीत हुने, अनि जनतामा जाने, विचारमा संरक्षित गर्ने र तिनलाई अगाडि लैजाने, यसरी नै नेतृत्वको सही विचारहरू निर्माण गर्ने हो । यहि नै नेतृत्व विकासको आधारभूत तरिका हो ।" यसरी माओले जनतामाथि पार्टीको नेतृत्वको आधारभूत तरिका हो भन्नु भएको छ ।

अन्त्यमा माओ भन्नु हुन्छ कि मास-लाइनलाई जनसमूहमाथि पार्टीको नेतृत्वको सन्दर्भमा मात्रै हेरिनु हुँदैन् । वास्तवमा माओले अन्तरपार्टी सम्वन्धहरूलाई पनि मास-लाइनको कार्यान्वयन जोड दिनु हुन्छ । उहाँले यसलाई एउटा संगठनात्मक लाइनका रूपमा यसरी पनि हेर्नु भएको थियो । माओले निर्देश गर्नु भएको छ कि यसलाई सुनिस्चित गर्नका लागि त्यो लाइन साँचो अर्थमा जनसमूहसँग बाट आउँछ र खासगरी कि त्यो जनसमूहतर्फ फर्केर जान्छ,त्यहाँ केवल पार्टी र पार्टी बाहिर(वर्ग र जनताका बीचमा) का जनसमूहबीचमा नजिकको सम्वन्ध हुनै पर्दछ । बरू त्यो भन्दा पनि माथि उठेर पार्टीभित्रका नेतृत्वदायी संस्थाहरू र पार्टीभित्रका जनसमूहरू(क्याडरहरू र रैंक र फाइलबीचमा) नजिकको सम्वन्ध हुनै पर्दछ । यसरी माओले देखाउनु भएको थियो कि यो अति नै संगीन महत्वको थियो कि पार्टीको उच्च र तल्लो तहहरूबीच नजिकको सम्वन्ध राखिरहनु पर्दछ । कुनै पनि खालको अन्तरपार्टी व्रेक अपले जनसमूह र पार्टी नेतृत्वबीच खाडलमा परिणत हुने छ । यसले मासलाइनको कार्यान्वयनका विरूद्ध काम गर्ने छ ।

माओका माथि उल्लेखित सुधार गरिनु पर्ने र विकास गरिनु पर्ने अवधारणाहरु वास्तवमा नेपाली कम्युनिस्ट आन्दोलन र विश्व कम्युनिस्ट आन्दोलनका लागि सही मार्गनिर्देश गर्ने महत्वपूर्ण पक्षहरु भएको स्पष्ट हुन्छ । जनवादी केन्द्रीयता,पार्टीभित्र चल्ने दुई-लाइन संघर्ष र पार्टीले लिने मास लाइन, यी तीन अति महत्व राख्ने विषयहरुवारे मार्क्सवाद-लेनिनवाद-माओवादका आधारमा व्यापक बहस र सही कार्यान्वयनको आवश्यकता छ ।

*hukumsingh2012@yahoo.com*

## प्रवासमा...

सन्चालन गोबिन्द बिकले गरेका थिए ।

'राष्ट्रिय स्वाधिनता र संगठन विस्तार अभियान' कार्यक्रमकै दौरानमा ११०औ अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा महिला राज्य समितिको भेलाको कार्यक्रम सम्पन्न भएको छ । बेलमाया थापाको अध्यक्षतामा १५ सदस्यीय महिला राज्य समिति नीर्वाचित गरिएको छ । जसको उपाध्यक्षमा विष्नुमाया अधिकारी, सचिवमा सरस्वती न्यौपाने, सहसचिवमा सविना थापामगर, कोषाध्यक्षमा रेखा जैगदी र सदस्यहरुमा सपना पुलामी, सान्ती घर्तिमगर, रिता थापा, करिस्मा बोहरा, संगिता जैगदी, मनकला भण्डारी, जानकी देवी भण्डारी, र ३ सदस्य पछि थप्नेगरी १५ सदस्यीय महिला राज्य समिति नीर्वाचित भएको छ । उक्त कार्यक्रम बेलामाया थापाको अध्यक्षता, समितिका राज्य उपाध्यक्ष केसव थापाको स्वागत र नेपाली एकता समाज भारतका केन्द्रीय सचिवालय सदस्य हेमराज शर्मा, बालकृष्ण अधिकारी, नन्दलाल त्रामु, के.स. प्रताप थापा,देजमो नेपालका ५ नं. प्रदेश सहसचिव विक्रम भण्डारी, नेपाली एकता समाज भारतको पश्चिम भारत राज्य समिति सल्लाहकार धनबहादुर पुलामी, नगर अध्यक्ष लोकेश न्यौपाने लगायत अतिथिहरुद्धारा शुभकामना मन्तव्य दिइएको थियो । पालघर नगरसमितिको सक्रियतामा एवं सहयोगमा पालघर स्थित अम्वामाता हलमा सम्पनन उक्त कार्यक्रममा नगरसमीतिका कार्यकर्ता तथा स्थानीय नेपालीको उल्लेख्य सहभागिता थियो ।

त्यसैगरी मार्च ८ २०२०का दिन नेपाली एकता समाज भारत हैदरावाद महिला नगर समितिको आयोजनामा ११० औ अन्तराष्ट्रिय श्रमिक महिला दिवस दिलमाया थापाको अध्यक्षतामा कृष्ण ठकुरीको संचालनमा प्रमुख अतिथि नेपाली एकता समाज भारतका केन्द्रीय समित अध्यक्ष आनन्द थापा र अन्य अथितिहरुमा राज्य समिति अध्यक्ष रामकुमार कार्की, नगर अध्यक्ष गोविन्द के.सी. र स्वागत मनतव्य सपना चापागाईलेगरकी थिइन । मनतव्य दिनेहरुमा तुलसी भुल, सान्ता गुड्ग, मन्जु क्षेत्री, मन्सरा भुल, कोशल्या भुल, सुस्मीता कार्की, कल्पना चापागाई र नेपाली एकता समाज भारतका तर्फबाट राज्य सचिव टिकाराम भुल, सहसचिव विक्रम वि.सी., राज्य सललाहकार प्रकाश चापागाई र नगर उपाध्यक्ष पदम कार्की लगायतले महिलाहरुको हकहीतका लागि महिलाहरुनै जागक हुनु पर्छ भन्ने भनाइ राख्दै कार्यक्रम भव्यताका साथ जिडिमेटला भिलेज हैदरावादमा सम्पन्न गरिएको थियो ।

**निष्कर्ष**

'राष्ट्रिय स्वाधिनता र संगठन विस्तार अभियान' लाई भारत प्रवासमा अगाडि बढाउन जनवर्गीय सगठन(नेपाली एकता समाज भारत) को विस्तारमा राम्रो सफलता देखिएता पनि पार्टीको भूमिगत संगठन विस्तारमा नेपाली एकता समाज भारतको नेतृत्वमा देखिएको पार्टीको व्यानर र नाम अनि जनयुद्ध दिवस मनाउन देखिएको नामबाटै तर्सने प्रवृतिलाई क्रमसः पार्टी स्कूलिंगद्धारा सैद्धान्तिक, वैचारिक तथा राजनीतिक अस्पष्टतालाई स्पष्टतामा रुपान्तरणको आवश्यकता महशुस भएको छ । नेपाली एकता समाज भारतको नेतृत्वले 'राष्ट्रिय स्वाधिनता र संगठन विस्तार अभियान' लाई भारत प्रवासमा अगाडि बढाउन गरेको प्रयास र तयसबाट संगठन विस्तारमा देखिएको प्रगति प्रशम्सायोग्य छ ।

## क्रान्तिकारी ट्रेड...

अध्यक्षता र पुर्व अध्यक्ष दिनेश शर्माको आतिथ्यमा सम्पन्न बैठकले सङ्गठन र संघर्षको क्षेत्रमा महत्त्वपूर्ण निर्णय गर्दै मजदुर दिवश(मे १)लाई लक्षित गरि २ महिने श्रमिक जागरण तथा सङ्गठन विस्तार अभियान सञ्चालन गर्ने निर्णय गरेको हो ।

निर्णय अनुसार अभियान केन्द्रीय र प्रदेश गरि दुई तहमा संचालित हुनेछ । यसै गरि बैठकले अभियान सम्बन्धी विशेष निर्देशिका जारी गर्दै नियमित टिम, मुख्य टिम र सहायक टिमको अवधारणा सहित कार्य विन्यास समेत गरेको छ, जस अन्तरगत सङ्गठनका अध्यक्ष महासचिव सहित अर्जुनलाल श्रेष्ठ, कुमार घताने, दिनेश बर्तौला र बालकृष्ण सिटौलाको नियमित टिम, सङ्गठनका केन्द्रीय घटकका अध्यक्षरसंयोजक र केन्द्रीय समिति सदस्य समेतको मुख्य टिम र घटकका पदाधिकारी रहेको सहायक टिम बनाईएको छ ।

महासंघका महासचिव वसन्त बोगटीले सञ्चालन गरेको

बैठकमा महासंघका पुर्व अध्यक्ष शर्माले प्रशिक्षण मन्तव्य राख्दै सिङ्गो महासंघलाई आजको स्थितबाट माथी उठाई आम उत्पीडित श्रमिक वर्गको भरोसा योग्य सङ्गठनको रुपमा विकास गर्न आव्हान गर्नु भयो ।ँक्रान्तिकारी पार्टी र सङ्गठन भित्र अन्तरविरोधहरु देखा पर्नु कुनै नौलो विषय होइन । यो क्रान्तिको नियमित प्रक्रिया अन्तरग हुने कुरा हो ।  उहाँले भन्नुभयो,ँयसलाई हामीले मैत्रीपुर्ण रुपमा एकता, संघर्ष र रुपान्तरणको विधिमार्फत हल गर्नु पर्दछ ।  उहाँले आजको वस्तुगत आवश्यकताको जगमा हाम्रो आत्मगत र आन्तरिक पक्षलाई सुदृढ, मजबुत र व्यवस्थित गर्न जोड गर्नुभयो । त्यसैगरी महासंघका अध्यक्ष तिमिल्सिनाले अभियानको मुल उद्देश्य माथि जोड दिदै श्रमिक वर्गका विभिन्न पेशागत हक अधिकारलाई ध्यान दिई आगामी मजदुर दिवशलाई विशेष उत्सवको रुपमा सम्पन्न गर्ने दिशातिर सिङ्गो महासंघलाई सक्रिय र गतिशील बनाउन महासंघले कुनै कसर बाँकी नराख्ने बताउनु भयो ।

## भारतीय...

नेपालीको जमिन भारतमा परेपछि सीमा विवाद चुलिएको छ । उक्त क्षेत्रमा संयुक्त टोलीले काम गर्न छाडेर कैलालीको खक्रौला नाकातर्फ गएको बताइएको छ ।

सरकारले सीमा सुरक्षा गर्न नसकेको भन्दै स्थानीय जनताले नेपाल सरकारको चर्को विरोध गरेका छन् ।

भारतले हडप्यो ५० बिघा नेपाली भूमि, संघर्ष समिति बनाएर सीमाबासी नेपाली आन्दोलित

यसैबीच, लिम्पियाधुरा, कालापानी, लिपुलेक क्षेत्रमा ३९५ वर्ग किमि भूमि हडपेको भारतले कञ्चनपुरमा ५० विघा नेपाली भूभागमा कब्जा जमाएको छ । र, सीमा स्तम्भ गाड्न भन्दै नेपाली भूमिमा खाल्डा खन्न थालिएको छ । देशैभर ७२ स्थानमा हजारौ हेक्टर नेपाली भूभाग हडपेको भारतले नेपाली भूमि अतिक्रणको श्रृङ्खला एकपछि अर्को तीव्र पार्दै लगेको छ । कञ्चनपुर-१० भुडामा भारतले हालै ५० विघा नेपाली जमिन कब्जा गरेको स्थानीयले बताएका छन् ।

स्थानीय दिलराज पन्तका अनुसार साविकको ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा पन्तसहित ४० परिवारको ५० बिघाभन्दा बढी जमिन छ । चौधर नालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक सर्भे टोलीले निकै वर सीमास्तम्भ गाड्न थालेको छ । यसरी सीमास्तम्भ गाड्दा स्थानीय बासिन्दाको जमिन मात्रै होइन, महाकाली सिँचाइ आयोजनाको तेस्रो चरणको नहरसमेत भारतीय भूभागमा पारिएको छ ।

पन्तका अनुसार उनीहरुसँग लालपुर्जा छ, मालपोत तिरिरहेका छन्, पानीपोत पनि तिरिरहेका छन् । अहिले आएर यो जमिन भारतमा कसरी पऱ्यो भन्दै उनीहरुले आश्चर्य व्यक्त गरिरहेका छन् । गत साता भारतीय सुरक्षाकर्मी (एसएसबी) सहितको टोलीले नेपालतर्फको दर्ता जमिनमै सीमास्तम्भ निर्माणका लागि खाल्डो खनेको छ । ३३ र ३४ नम्बर सीमास्तम्भको बीचमा खाल्डाहरू खनिएको छ ।

खेमराज पन्त, बेलौरी नगरपालिका १० भुडाका बलिराम चौधरीलगायत ४० भन्दा बढी परिवारको ५ कठ्ठादेखि दुई/अढाई बिघासम्मको लालपुर्जा भएको जमिन भारतले हडपेको छ ।

स्थानीयले विरोध जनाएपछि संयुक्त सीमा सर्भे टोलीले काम स्थगित गरेको छ । स्थानीयले प्रमुख जिल्ला अधिकारीलाई स्थानीयले दर्ता जमिन भारततिर गएकाले नक्सा सच्याउनुपर्ने माग गरेका छन् । स्थानीयले संघर्ष समिति समेत गठन गरेका छन् । उनीहरूले सरकारले भारतसँग छलफल गरेर नक्सा सच्याउनुपर्ने माग राखेका छन् । संयुक्त सर्भे टोलीमा रहेका नापी कार्यालय कैलालीका प्रमुख सुदर्शन धामीका अनुसार संयुक्त टोलीले बेलडाडीको झिलमिलादेखि सर्भेको काम सुरु गरेको थियो । जसमा जोर पिलर भारतले र बिजोर नेपालले मर्मत तथा निर्माण गर्नुपर्ने थियो । सोही क्रममा ७८२ को सहायक पिलर १ र २ भुडामा निर्माण गर्ने बेला विवाद भएको हो ।

धामीका अनुसार पछिल्लो पटक स्ट्रिप नक्साअनुसार नेपालको दर्ता जमिनमै सीमास्तम्भ देखिएको छ । विगतमा खोलानालालाई सीमा मानिँदै आएकामा पछिल्लो पटक दुई देशबीचको सहमतिअनुसार संयुक्त टोलीले नक्सामा भएका तथा फिल्डमा नभएका सीमास्तम्भ निर्माण गर्ने सहमति भएको उनले बताए । यस क्षेत्रमा ४ नं. नापी टोलीले फागुन १ देखि नापीको काम सुरु गरेको हो ।

पटक पटक अतिक्रमण

२०७४ मा भुडामै स्थानीयले खेतसम्म जाने सडकमा ग्राभेल हाल्न खोज्दा एसएसबीले अवरोध गरेको थियो । दशगजामा पर्ने भन्दै एसएसबीले ग्राभेल गर्न दिएन । त्यतिबेला सर्वेक्षक पूर्णबहादुर खड्काको टोली आएर नेपाली भूमि भएको भनेपछि बाटो निर्माण गर्न दिएको बेलौरी नगरपालिका १० का वडाध्यक्ष हरिलाल चौधरीले बताए ।

२०५३ मा महाकाली सिँचाइ आयोजनाको नहर निर्माणका क्रममा पनि विवाद भएको थियो । भारतीय पक्षले दशगजामै नहर निर्माण हुन लागेको भनेर अवरोध गरेको थियो । त्यतिबेला दुवैतर्फका सीमाविद् आएर नेपाली भूमिमै नहर निर्माण भइरहेको बताएपछि काम अघि बढेको महाकाली सिँचाइ आयोजनाअन्तर्गत दोस्रो चरणका ब्लक अध्यक्ष गोपाल पन्तले बताए । 'अहिले यही नहरको फेदमा भारतले पिलर गाड्दै छ,' उनले भने, 'नेपाल सरकारले निर्माण गरेको संरचना कसरी भारततर्फ जाँदै छ ?'

२०३८ सालमा पनि भारत उत्तर प्रदेशको पिलिभित जिल्लाको कम्बोजनगरदेखि नेपाली बस्तीमै भारतीय पक्षले नाली खन्न थालेको थियो । स्थानीयले ८३ जना भारतीय कामदारलाई फिर्ता पठाएको भुडाकै स्थानीय बासिन्दा देवसिंह थापाले बताए । 'यहाँ केही काम हुन थाल्यो कि विवाद भइहाल्छ,' उनले भने, 'भारतीय पक्षले पटक-पटक सीमा मिच्ने काम गरिरहेको छ, अहिले दर्ता जमिनमै पिलर हाल्न खोजिँदै छ ।'

पछिल्लो पटक भारतीय पक्षले दशगजामै एसएसबीको क्याम्प राखेको छ । यस विषयमा जिल्ला प्रशासनदेखि राजनीतिक दल सबैलाई पटक-पटक जानकारी गराइए पनि कुनै वास्ता नभएको थापाले बताएका छन् ।


रोयल बुईपा A/C जम्बो हाईस

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।



आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
खोटाङ यातायात प्रा.लि.
काठमाडौंबाट- हलेसी,
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।
सम्पर्क–
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दित्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

## आलोपालो

# प्रवासमा 'राष्ट्रिय स्वाधीनता र संगठन विस्तार अभियान'



● कुमार बोगटी ●

*'राष्ट्रिय स्वाधिनता र संगठन विस्तार अभियान' लाई भारत प्रवासमा अगाडि बढाउन जनवर्गीय सगठन(नेपाली एकता समाज भारत)को विस्तारमा राम्रो सफलता देखिएता पनि पार्टीको भूमिगत संगठन विस्तारमा नेपाली एकता समाज भारतको नेतृत्वमा देखिएको पार्टीको व्यानर र नाम अनि जनयुद्ध दिवस मनाउन देखिएको नामबाटै तर्सने प्रवृतिलाई क्रमसः पार्टी स्कूलिंगद्धारा सैद्धान्तिक, वैचारिक तथा राजनीतिक अस्पष्टतालाई स्पष्टतामा ?पान्तरणको आवश्यकता महशुस भएको छ*

नेकपा(क्रान्तिकारी माओवादी)केन्द्रीय समितिको निणर्य बमोजिम 'राष्ट्रिय स्वाधिनता र संगठन विस्तार अभियान'लाई नेपालभित्र र बाहिर विभिन्न कार्यक्रमका साथ सञ्चालन गर्ने निर्णय वमोजिम नेपाली एकता समाज भारतको नेतृत्व र पहलमा भारतको दिल्ली, पन्जाव, मुम्बई, चण्डीगढलगायत सबै डिओसीहरुमा कार्यक्रमहरु सम्पन्न भएका छन् ।

भारतमा फरवरी १२ देखि सु गरेर ८ मार्च २०२०सम्म गरी प्रचारात्मक र संगठनात्मक विस्तार सम्वन्धी विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन् । भारतको दिल्लीमा नगर स्तरिय प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको छ। १४ र १५ फरवरीका दिन २ दिने प्रदेश बैठक वसी सम्मेलनलाई ठोस बनाउने काम भएको थियो। बैठक ऐतिहासिक रुपमै सम्पनन भएको छ।

१७ फरवरीका दिनमा पार्टीको प्रवास प्रदेश समिति गठन गरिएको छ। नेपाली एकता समाजको केन्द्रीय समितिको पहलमा पार्टीको प्रदेश समिति बैठक सम्पन्न भएको छ। । यसैक्रममा दिल्ली स्थित ओखला नगरसमितिको बैठक बस्यो। त्यसपछि नाएडा नगर समितिको बैठक सम्पन्न गरियो। संगठन विस्तारकै दौरानमा सुरज कुमार र मिलन केसीलाई वर्गदृष्टि र मुलबाटोको सम्वाददाता बनाउने निर्णय गरिएको छ । एउटा नगर प्रशिक्षण तथा जनजागरण कार्यक्रम पनि सम्पन्न भएको छ।

सोही अभियानलाई निरनन्तरता दिंदै नेपाली एकता समाज दिल्ली राज्य समितिको बैठक, पन्जावको विभिन्न जिल्ला र राज्य समितिका बैठकहरु सम्पन्न भएका छन् । सहीद सप्ताहको उपलक्ष्यमा विभिन्न कार्यक्रम सम्पन्न भएका छन् । ५ मार्चमा पन्जाव राज्य समिति अन्तरगत पठानकोट जिल्ला समिति र होशियारपुर नगरसमिति, त्यस्तै तलबाडा नगरसमितिले सहीद सप्ताह मनाएका छन्। नेपाली एकता सामाज भारत दिल्ली राज्य समितिका बैठकहरु सम्पन्न भएका छन्। भारतभरी राजनीतिक प्रशिक्षण तथा जनजागरण कार्यक्रम अगाडि बढाउने निर्णय बमोजिम केही प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएका छन र अन्यमा शु गरिएका छन् । नेपाली एकता समाज भारतको दिल्लीमा नगर स्तरिय प्रशिक्षण सम्पन्न गरिएको छ।

माघ १९,२० र २१ गते नेपाली एकता समाज भारतको दिल्ली राज्य समिति अन्तरगत पर्ने ओखला नगर समितिमा प्रशिक्षण तथा जनजागरण अभियान कार्यक्रम नगर अध्यक्ष विष्णु साको अध्यक्षतामा सम्पन्न भएको छ। विशेष राजनीतिक प्रशिक्षण तथा जनजागरण अभियान नाम दिइएको उक्त प्रशिक्षण कार्यक्रमा नेपाली एकता समाजका केन्द्रीय इन्चार्ज कूमार बोगटीको प्रमुख आतिथ्यता र एकता समाजका सचिवालय सदस्य हरि थापा र गोविन्द सिंह थापाको उपस्थिति थियो।

प्रशिक्षणका प्रमुख अतिथि कुमार बोगटीले संगठन, संघर्ष, राष्ट्रिय स्वाधिनतालगायत विभिन्न खालका अभियान र ती अभियानहरुमा प्रवासीहरुले निर्वाहा गर्नु पर्ने भूमिकाको विषयमा प्रशिक्षित गरेका थिए । त्यस्तै पार्टी संगनको सदस्यताको महत्वको विषयमा पनि प्रष्ट पारेका थिए। कार्यक्रमको संचालन नगर सचिव लोकबहादुर लिङ्बालीले गरेका थिए।

नेपाली एकता समाज भारतको पन्जाबमा सहीद सप्ताहा कार्यक्रम सम्पन्न भएका छन्। मार्च १ २०२०का दिन नेपाली एकता समाज भारत नगर समिति होशियारपुर र तलवाडा नगर समितिहरुको आयोजनामा सहिद सप्ताह कार्यक्रम भब्य रुपमा सम्पन्न गरियो । उक्त कार्यक्रमका अतिथि केंद्रीय समिति सचिब मिलन केसीले शहिद सप्ताह तथा बलिदान दिवशका बारेमा र प्रत्यक्ष वर्गसंघर्षमा भारत प्रवासबाट करीब ६८ जना साथीहरुले साहदत प्राप्त गर्नुभएको थियो भनी जानकारी गराए । मन्तव्यकै क्रममा उनले त्यसकारण शहिदहरुको सम्मान, वहाँहरूले देखाएको बाटोमा निरन्तर लागि रहने विश्वास व्यक्त गरे। कार्यक्रममा केन्द्रीय कोषाध्यक्ष बीरबहादुर गौतम, केसस रामु शर्मा पौडेल, कमला गौतम लगायतको उपस्थिति थियो । कार्यक्रमको अध्यक्षता राकेश बिकले गरेका थिए भने *बाँकी ७ पेजमा*

## आठ मार्चसँगै अनेमसंघ (क्रान्तिकारी)को जिल्ला भेला सम्पन्न



चितवन । अखिल नेपाल महिला संघ (क्रान्तिकारी) चितवनले ११०औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा जिल्ला भेला सम्पन्न गरेको छ । भेलाको उद्घाटन क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य तथा चितवन जिल्ला इन्चार्ज विकासले गर्नुभएको थियो भने पार्टी जिल्ला सेक्रेटेरी अशोक शर्मा, देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका चितवन जिल्ला अध्यक्ष वावुराम प्यासी लागायतले भेलाको सफलताको शुभकामना दिनु भएको थियो । महिला संगठनकी अध्यक्ष शुभलक्ष्मी खनालको अध्यक्षता र सचिव सरस्वती खड्काद्वारा संचालित भेलाले शान्ति विक अध्यक्ष रहेको १९ सदस्यीय अखिल नेपाल महिला संघ(क्रान्तिकारी) चितवन जिल्ला समिति निर्वाचित गरेको छ । भेलाले संगठनको उपाध्यक्ष मधु बजगाई, सचिव अरुणा राउत, सह-सचिव जेनिसा परियार र कोषाध्यक्षमा सरस्वती खड्कालाई चयन गरेको छ भने समितिका अन्य सदस्यमा शोभा श्रेष्ठ, मनमाया विक, कुशुम खड्का, पर्मेश्वरी चौधरी, भगवती घिमिरे,इन्दिरा क्षेत्री, सुनिता विक, रमा नहर्की, सिर्जना शाह, फुलकुमारी विक लगायत हुनुहुन्छ । भेलाले पम्फा थापा, शुभलक्ष्मी खनाल, दुर्गादेवी सुवेदी, सावित्री नेपाल सहित पाँच जना सल्लाकार समेत निर्वाचित गरेको छ ।

## डबल नेकपा परित्याग गरी क्रान्तिकारी माओवादीमा प्रवेश



चितवन । सत्तारुढ डबल नेकपा परित्याग गरी पूर्व वाइसीएलका जिल्ला नेता कविराज रसाइली नेकपा (क्रान्तिकारी माओवादी)मा प्रवेश गरेका छन् । आठ मार्चको सन्दर्भमा आयोजित एक कार्यक्रममा उनी क्रान्तिकारी माओवादी पार्टीमा प्रवेश गरेका हुन् । उनलाई पार्टीका केस विकास र सेक्रेटरी शर्माले अवीर लगाएर पार्टीमा स्वागत गरेका थिए ।


















प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : हुकुमबहादुर सिंह, सम्पादक : इन्द्रबहादुर राउत, फोटोः जय दाहाल, कार्यालय : काठमाडौं-१०, बुद्धनगर सम्पर्क नं. : ९८५१०७६८६४, ०१-५२६०११२ इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।